अदालतको आदेश उल्लङ्घन गरेको आरोपमा नजरबन्दको आदेश | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ७८ • २०८२ साल साउन २१ गते बुधवार (6 August, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्रीमाथि कमिसनको आरोप

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको पटेर्वासुगौली गाउँपालिका-२ स्थित दुग्धेश्वरनाथ महादेव मन्दिरको निर्माण कार्यमा मधेश प्रदेशका सामाजिक विकास तथा खेलकुद मन्त्री प्रमोद जयसवालमाथि कमिसन मागे गरेको गम्भीर आरोप लागेको छ।

भाथा मेला व्यवस्थापन समितिका अध्यक्ष गेनालाल पटेलले वीरगञ्जमा पत्रकार सम्मेलन गर्दै मन्त्री जयसवालले योजना स्वीकृतिका लागि ठेकेदारमार्फत पाँच लाख रुपैयाँ कमिसन माग गरेको आरोप लगाएका छन् । पटेलले मन्त्री जयसवालले व्यक्तिगत रुपमा नभइ ठेकेदार राजेश पटेलमार्फत सो रकम मागेको बताए ।

उनले भने, 'जब समिति पक्षले पाँच लाख रुपैयाँ दिन अस्वीकार गऱ्यो, त्यसपछि मन्त्री जयसवालले "पाँच लाख नदिनुस्, तीन लाख दिनुस्" भन्ने निर्देशन दिएका थिए । त्यसपछि समितिका सदस्य वासुदेव दास थारुमार्फत तीन लाख रुपैयाँको चेक बुझाएपछि मात्रै मन्दिर निर्माण कार्य शुरु भएको हो ।'

अध्यक्ष पटेलले सो घटना समितिका २० भन्दा बढी सदस्यहरूमाझ खुलेर भएको दाबी गरे । ती सबै सदस्यहरू घटनाका साक्षी रहेको समेत दाबी गरे ।

नेकपा एमाले मधेश प्रदेशका उपाध्यक्ष बिचारी यादवले केही समयअघि एक सार्वजनिक कार्यक्रममा मन्त्री जयसवालमाथि योजनाको बजेट वितरणमा ३ देखि ५ प्रतिशतसम्म कमिसन लिएको आरोप लगाएका थिए । उनले मन्त्रीको राजीनामा समेत माग गरेका थिए ।

मन्त्रीमाथिको आरोपसँगै योजनाको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएको, विकास कार्यहरू अवरुद्ध भएको र राजनीतिक पहुँच प्रयोग गरेर असमान बजेट बाँडफाँट गरिएको टिप्पणीहरू स्थानीय तहमा व्यापक बनेका छन्। सामाजिक सञ्जालदेखि स्थानीय नेतृत्वसम्म यस विषयले चर्चा पाएको छ ।

धार्मिक स्थल दुग्धेश्वरनाथ महादेव मन्दिरको नाममा पनि मन्त्रीबाटै कमिसन माग्नु राज्य संयन्त्र र शासन प्रणालीको नैतिक पराकाष्ठा रहेको बताइन्छ ।

मेला समिति र सरोकारवाला समूहहरूले मन्त्रीमाथि लागेको आरोपको निष्पक्ष छानबिन गर्न सम्बन्धित निकायसंग माग गरेका छन् ।

तर मन्त्री जयसवालले भने यस आरोपप्रति अझैसम्म पनि सार्वजनिक रुपमा कुनै किसिमको प्रतिक्रिया दिएका छैनन् ।

### अवैध कन्सल्टेन्सीको बिगबिगी

# वैदेशिक शिक्षाको नाममा करोडौँको व्यापार, संकटमा विद्यार्थीको भविष्य

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा शैक्षिक परामर्श संस्था (कन्सल्टेन्सी) हरुमा अनियमितता, अवैध सञ्चालन र नियमनको अभाव देखिएको छ ।

शैक्षिक सत्र शुरु हुन केही अघि देखि नै मधेश प्रदेशको विभिन्न जिल्लालगायतबाट विद्यार्थी लैजानका लागि वैदेशिक शिक्षालयतर्फ लोभ्याउने गरी आकर्षक रुपमा विभिन्न प्रलोभन दिँदा समेत सरोकारवालहरु मौन रहँदा वर्षेनि सयौं विद्यार्थीहरुको भविष्य अन्धकारमा परिरहेको छ ।

जनकपुरधाममा समेत दर्जनभन्दा बढी कन्स्लटेन्सी सक्रिय छ। जसले अनेकौं प्रलोभनमा पार्नका लागि शैक्षिक मेला, प्रदर्शनीलगायत विभिन्न नाममा मन्त्रीसमेतहरुलाई बोलाएर विद्यार्थी रिझाउने गरेका छन् । कन्स्लटेन्सीले वर्षेनि करिब हजारौं छात्रछात्रालाई छात्रवृत्तिदेखि विभिन्न सुविधा देखाएर लैजाने गरेको पाइन्छ ।

जसको कुनै लेखाजोखा नै छ भने न त ती विद्यार्थीहरुको भविष्य सुरक्षित रहेको बताइन्छ ।

नेपालमा मात्रै ९ हजार भन्दा बढी कन्स्लटेन्सी वैदेशिक अध्ययनका लागि विद्यार्थी लैजान सक्रिय रहेको जनाएको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दर्ता र नवीकरण विना सञ्चालन भइरहेका कन्सल्टेन्सीहरूलाई कारबाही शुरु गरेपछि, वर्षौंदेखि सरकारी कमजोरीको फाइदा उठाउँदै आएका खुलासा भएको छ ।

विभागले हालै करिब तीन दर्जन कन्सल्टेन्सीमाथि कारबाही गर्दा शैक्षिक परामर्श क्षेत्रको जथाभावी अवस्था सतहमा आएको छ । विभागका महानिर्देशक कुमार प्रसाद दाहालले जनाए अनुसार अझै पनि ९ हजारभन्दा बढी कन्सल्टेन्सीहरू बिना दर्ता सञ्चालनमा नै छन् ।



शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको उच्च शिक्षा महाशाखाको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाका सहसचिव सिमान्त कोइरालाका अनुसार हालसम्म जम्मा ७२० वटा कन्सल्टेन्सीले मात्रै नवीकरण गराएको जानकारी दिए । २०७५ साल साउनयता नयाँ दर्ता प्रक्रिया नै रोकिएको छ ।

दर्ता भएकामध्ये २०४ कन्सल्टेन्सीले नवीकरण प्रक्रियामा रहे पनि अझैसम्म पनि नवीकरण नभएको र नवीकरण शुल्क तथा राजस्ववापत १ करोड ७५ लाख शुल्क र २० लाख राजस्व संकलन भएको देखाएको छ ।

कतिपय कन्स्लटेन्सीले शैक्षिकको नाममा विद्यार्थीलाई वैदेशिक रोजगारमा लैजाने गरेको समेत पाइउको छ ।

विशेषज्ञहरूका अनुसार वैदेशिक रोजगारका काममा समेत संलग्न भईरहेका कन्सल्टेन्सीहरूले शिक्षा क्षेत्रलाई मात्र नभइ आप्रवासन कानुनसमेत उल्लंघन गर्ने अवस्था सिर्जना गरिएको छ । त्यसैले यस्ता कन्सल्टेन्सीको प्रभावकारी अनुगमन र निरीक्षण अनिवार्य भएको अभिभावकहरु बताउँछन् ।

केही दिनयता नेपालको कन्सल्टेन्सी बजारमा होराइजन नामक रिपोर्टको प्रतिवेदनले छताछुल्ल पारेको छ । सो प्रतिवेदनमा नेपालका केही कन्सल्टेन्सी व्यवसायीमाथि गम्भीर आरोपसमेत लगाइएको छ

सो रिपोर्टमा नेपालका कन्सल्टेन्सी व्यवसायीले विद्यार्थीको भिसा आवेदन दिँदा शंकास्पद कागजात पेश गरेको, नक्कली कागजात पेश गरेको, नेपाल सरकारको कर छली गरेको, नेपाल राष्ट्र बैंकलाई झुक्याएको, नक्कली एनओसी बनाएको लगायतजा गम्भीर आरोप लगाइएको छ ।

नाम चलेका कन्सल्टेन्सी व्यवसायीको नाम नै तोकेर उनीहरुमाथि गम्भीर प्रकृतिका आरोप लगाइएपछि सबैको ध्यानाकृष्ट भएको छ ।

शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा तथा प्रदेशको सामाजिक विकास मन्त्रालयमा दर्ता भएर अनुमति लिएका १ हजार ८०० वटा कन्सल्टेन्सी पनि विसं २०७५ साल यता नवीकरण विनै सञ्चालनमा छन् । अनुमति लिए पनि संस्था नवीकरण नहुँदा संस्थाका काम कारबाही माथि प्रश्न उठेको छ ।

कानूनी दायराभन्दा बाहिर हुँदा राजस्व छलीको आरोप पनि कन्स्लटेन्सीमाथि लागेको छ ।

ऐन अनुसार स्वीकृति पत्रको अवधि एक वर्षको मात्रै हुन्छ । स्वीकृति पत्र पाएको संस्था पुनः स्वीकृति पत्र बमोजिम काम कारबाही जारी राख्ने भएमा पूर्व स्वीकृति अवधि समाप्त हुनुभन्दा १५ दिन अगाडि कागजातहरुको साथ सम्बन्धित निकायमा नवीकरणको लागि दरखास्त दिनु पर्ने हुन्छ ।

यसरी हेर्दा २०७५ सालदेखि कुनै पनि कन्सल्टेन्सीहरु नवीकरण नभएकाले उनीहरु पनि अवैध ठहरिने भएको छ । दर्ता नभएका मात्रै नभइ दर्ता भएरै ६ वर्षदेखि नवीकरण नभएका कन्सल्टेन्सीहरु पनि राज्यको राजस्व तथा अन्य कानूनी दायराभन्दा बाहिर छन् । कर ऐनअनुसार दर्ता भएको कुनै पनि कम्पनीले वर्षमा कुल आम्दानीको २५ प्रतिशत सरकारलाई आयकर बुझाउनु पर्ने हुन्छ ।

गत साउनदेखि वैशाखसम्ममा वैदेशिक अध्ययनकै लागि नेपालबाट १ खर्ब ४ अर्ब २४ करोड ६ लाख रुपैयाँ बाहिरिएको छ । त्यस्तै गत आर्थिक वर्ष ०७९/०८० मा वैदेशिक अध्ययनकै लागि नेपालबाट १ खर्ब ४२ करोड रुपैयाँ र अघिल्लो आर्थिक वर्षमा ६७ अर्ब ७० करोड रुपैयाँ बाहिरिएको थियो ।









# जनचासो सम्बोधन गरेर विधेयक समितिले कानुन परिमार्जन गर्ने



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले बाहिर भइरहेका चर्चा, चासो र चिन्ता सम्बोधन गरेर मन्त्रिपरिषद्को विधेयक समितिले कानुन परिमार्जन गर्ने बताउनुभएको छ।

मंगलबार बिहान सिंहदबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको विधेयक समितिको बैठकपछि सञ्चारकर्मीहरुसित प्रतिक्रिया दिँदै गृहमन्त्री लेखकले बहुविवाहसम्बन्धी व्यवस्था, विवाहको उमेरसम्बन्धी, अग्रिम जमानतसम्बन्धी व्यवस्था र कैद जरिवानाको मुल्तबी/माफी परिवर्तनसम्बन्धी व्यवस्थाहरुमा थप छलफल गर्नुपर्ने र परिमार्जजन गर्नुपर्ने देखिएकाले विधयेक समितिमै उपसमिति बनाइएको जानकारी दिनुभयो ।

"बहुविवाहका सम्बन्धमा आएको संशोधनको व्यवस्था, विवाहको उमेरसम्बन्धी व्यवस्था, अग्रिम जमानतसम्बन्धी व्यवस्था र सरकारको सिफारिसमा राष्ट्रपतिले गर्नुहुने संवैधानिक व्यवस्था छ," विधयेक समितिका संयोजक रहनुभएका मन्त्री लेखकले भन्नुभयो, "कुनै पनि सजायको माफी मुल्तबी अथवा दण्ड सजायको परिवर्तनसम्बन्धी व्यवस्थालगायतका केही व्यवस्थामा थप छलफल गरेर संशोधन परिमार्जन गर्नुपर्ने देखियो ।"

उहाँले मंगलबारको बैठकमा समितिमा मुलुकी अपराधसंहिता, मुलुकी फौजदारी कार्यविधिसंहिता, मुलुकी देवानीसंहिता, मुलुकी देवानी कार्यविधिसंहिता र सजाय निर्धारणसम्बन्धी कानुन गरी पाँचवटा विधयेकमा संशोधन प्रस्ताव प्रस्तुत भएको जानकारी दिनुभयो ।

"आज बनाएको उपसमितिले सम्बन्धित मन्त्रालयहरुको रायसल्लाह लिएर र अरू पनि आवश्यक छलफल गरेर यो विधेयकलाई संशोधन परिमार्जजन गरेर अगाडि बढाउँछौँ," लेखकले भन्नुभयो, "ती सबैलाई विधेयक समितिले संशोधन गरेर यो कानुन परिमार्जन गर्छ । आज हामीले त्यही निर्णय गरेका छौँ ।"

उहाँले कानुन मन्त्रालयसमेत रहनेगरी विधेयक समितिको सचिवले आवश्यक समन्वय गर्ने बताउनुभयो । मुलुकी अपराध (संहिता) ऐन, २०७४ लाई संशोधन गरी केही निश्चित परिस्थितिमा बहुविवाहलाई कानुनी वैधता दिने प्रस्तावित कानुनलगायतका विषयमा छलफलका लागि मन्त्री लेखकले बैठक डाक्नुभएको थियो ।रासस

# पूर्वपश्चिम लोकमार्ग अवरुद्ध

**टुडे समाचारदाता**

बर्दिवास । केही दिनदेखि परेको अविरल वर्षाका कारण महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित पूर्वपश्चिम लोकमार्गको लचका बगाउँदा मंगलबारदेखि आवागमन ठप्प भएको छ ।

जंगली क्षेत्रबाट तीव्र गतिमा आएको वर्षे भलले बिहान पौने ८ बजेदेखि लोकमार्ग अवरुद्ध भएको इलाका प्रहरीका प्रहरी नायब उपरीक्षक विकास बमले जानकारी दिए ।

वर्षे भलले करिब ३० फिट व्यवस्थापनका प्रयास गरिरहे पनि मौसम प्रतिकूल भएकाले कतिबेला आवागमन सुचारु हुन समय लाग्ने भएको छ ।

पानीको बहाव तत्काल कम हुने अवस्था नदेखेपछि हतारमा रहेका कतिपय सवारी गौशाला रोड हुँदै करिब ४० किलोमिटर घुमाउरो बाटो भएर पूर्वपश्चिम लोकमार्गको लक्ष्मिनियाँ चोकबाट गन्तव्यतर्फ गएको डिएसपी बमले बताए ।

कटान क्षेत्र नजिकै निर्माणाधीन कल्भर्टका ठेकेदार चाइनिज ठेकेदार शान्ति तथा




सडक कटान गर्नुका साथै लचकामा रहेको ह्युमपाइपसमेत बगाएपछि दुईतर्फी आवागमन ठप्प रहेको छ।

जंगली क्षेत्रमा अलपत्र यात्रु तथा सवारी पानीको बहाव कम हुने प्रतीक्षामा रहेका छन् ।

कटान क्षेत्रमा बिहानैदेखि बर्दिवास ट्राफिक निरीक्षक लक्ष्मीराज जोशीसहितका प्रहरीले सवारी रसुवागढी ज्वाइन्ट भेन्चरले हतारमा रहेका पैदल यात्रुलाई डोजरमा बोकेर सडक वारपार गराइरहेको छ ।

सोही ठेकेदार कम्पनीले जंगली भलले बगाएर लगेको लचकाको ह्युमपाइपलाई जोडजाड गरी बाटो खुलाउने प्रयास जारी रहेको जनाइएको छ ।

# सिटि रिक्सा लाइसेन्समा सहजता ल्याउन माग गर्दै ध्यानाकर्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । सिटि रिक्सा चालकलाई सजिलै लाइसेन्स दिलाउने व्यवस्था गर्नुपर्ने मागसहित मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई ध्यानाकर्षण गराइएको छ ।

अभियन्ता दिवाकर उप्रेतीले कायापलट र विकल्प संस्थाको संयुक्त पहलमा जनकपुरधाम र वीरगञ्जमा सिटि रिक्सा सञ्चालन सम्बन्धी गरिएको अध्ययन प्रतिवेदनसहित मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण पत्र बुझाउँदै, कानुन निर्माणमार्फत लाइसेन्स प्रक्रिया सहज बनाउने पहल गर्न आग्रह गरेका छन् ।

सो ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री सिंहले सिटि रिक्सा सञ्चालनलाई व्यवस्थित बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको उल्लेख गर्दै भने, "पढ्न नजान्ने चालकले पनि ट्रायल पास गरी लाइसेन्स पाउने व्यवस्था गर्न सकिने सम्भावनाबारे कानुनीरूपमा के गर्न सकिन्छ, त्यसबारे पहल हुन्छ ।"

मुख्यमन्त्रीले सिटि रिक्सा चलाउने धेरैजसो व्यक्ति बाहिरी जिल्ला वा प्रदेशबाट आएका हुनाले केही आपराधिक क्रियाकलापमा संलग्न हुने सम्भावना पनि देखिएको भन्दै अनियन्त्रित सञ्चालनलाई नियन्त्रण गर्न कानुनी संरचना आवश्यक रहेको धारणा राखे ।

उनले हालको प्रणाली अनुसार धेरै चालक ट्रायल परीक्षा पास गर्न सक्षम भए पनि साक्षरता अभावका कारण लिखित परीक्षा पास गर्न नसक्दा लाइसेन्सबाट वञ्चित भइरहेका बताए ।

"यो पेशा जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएको छ," उनले भने, "अहिले त लाइसेन्स नखोजिए पनि भविष्यमा अनिवार्य हुने अवस्था आउँदा धेरै चालक र उनका परिवारको जीविका संकटमा पर्न सक्छ। त्यसैले यथाशीघ्र कानुन निर्माण आवश्यक छ ।"

उनले मुख्यमन्त्री सिंहबाट कानुन निर्माणका लागि पहल हुने विश्वास व्यक्त गर्दै यसबाट सिटि रिक्सा चालकहरूको जीवनयापन सुनिश्चित गर्न मद्दत पुग्ने बताए ।

# बबई नदीमा जलसतहले खतराको तह पार गर्‍यो

काठमाण्डु । बबई नदीमा जलसतहले खतराको तह पार गरेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार अहिले बबई नदीमा जलसतह ७.१ मिटर पुगेको छ।

विभागका अनुसार बबई नदीमा ५.५ मिटर चेतावनीको तह र ६.८ मिटर खतराको तह मानिन्छ। तर, हाल सो तह पार गरेसँगै विशेषगरी बर्दिया र दाङमा बाढीको खतरा रहेकाले विभागले उच्च सतर्कताका अपनाउन आग्रह गरेको छ।

विभागका बाढीविद् विनोद पराजुलीले जिल्ला प्रशासन, स्थानीय तह तथा सर्वसाधारणलाई पूर्वसूचना दिएर सचेत रहन सन्देश पठाइएको जानकारी दिनुभयो । "बबईसँगै महाकाली नदीको जलसतह पनि खतराको तहमा पुग्दै छ," उहाँले भन्नुभयो ।

मंगलबार काभ्रेपलाञ्चोक, मकवानपुर, दाङ, बाँके, चितवन, कैलाली, कञ्चनपुर र आसपासका जिल्लामा बहने स-साना नदीहरूको जलसतह बढ्ने र आकस्मिक बाढीको उच्च जोखिम रहेको विभागले जनाएको छ।

मंगलबार बिहानको मापनअनुसार कर्णाली र महाकाली नदीहरूको जलसतह सतर्कता आसपास छभने कोशी, नारायणी, कमला, बाग्मती, पूर्वी राप्ती, पश्चिम



राप्ती, बबई र कन्काई नदीहरूको जलसतह सतर्कता तहभन्दा तल छ।

आज स॒ुवासभा, रामेछाप, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, उदयपुर, सर्लाही, रौतहट, बारा, पर्सा, काठमाडौँ, ललितपुर, भक्तपुर, मकवानपुर, चितवन, रुपन्देही, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, कपिलवस्तु, म्याग्दी, प्यूठान, अर्घाखाँची, जाजरकोट, डोल्पा, रुकुम पश्चिम, दैलेख, कालीकोट, सुर्खेत, अछाम, बझाङ, डडेल्धुरा, डोटी, बैतडी, दार्चुला र आसपासका जिल्लामा बहने स-साना नदीहरूको जलसतह बढ्ने विभागले जनाएको छ ।रासस

# होटलमा छुटेको रकमसहितको झोला फिर्ता

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रनिगाहपुरस्थित पूर्व-पश्चिम राजमार्ग छेउको होटल हिमालयन मा खाना खाने क्रममा झोला बिर्सिएर गएको एक व्यक्तिको नगदसहितको झोला होटल सञ्चालकले फिर्ता गरेका छन् ।

जनकपुरधामका बलराम साहुजी आइतबार उक्त होटलमा खाना खाएर निस्कँदा आफ्नो हैण्डब्याग त्यहीं छोडेका थिए। ब्यागमा रु. १लाख,६ हजार,नगदसहित महत्वपूर्ण कागजातहरू रहेका थिए । होटल



सञ्चालक सुरेन्द्र साह का अनुसार झोला फेला परेको जानकारीपछि साहुजीलाई सम्पर्क गरेर ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरीको रोहवरमा झोला जिम्मा लगाइएको हो। ईमानदार होटल सञ्चालकले नगद र कागजात सहीसही रूपमा सुरक्षित राखी फिर्ता गरिदिनुले प्रशंसा बटुलिरहेको छ।

चन्द्रपुर ईलाका प्रहरी कार्यालयको निगरानीमा झोला बुझाइएकाले घटना पारदर्शी र सुरक्षित तरिकाले टुंगिएको छ। प्रहरीका अनुसार झोलाभित्र भएका सबै सामग्रीहरू फिर्ता गरिएको हो ।


सामान्यतया सार्वजनिक स्थलहरूमा मूल्यवान सामान हराउँदा फिर्ता नपाइने घटना प्रायः देखिन्छ। तर, यस घटनामा होटल सञ्चालक सुरेन्द्र साहले देखाएको ईमानदारी र जिम्मेवारीपनले समाजमा नैतिकता र विश्वसनीयताको उदाहरण प्रस्तुत गरेको छ । यस प्रकारका घटनाहरूले समाजमा सकारात्मक सन्देश दिनुका साथै नागरिक स्तरमा भरोसा र नैतिकता कायम राख्न सहयोग पुर्‍याउँछन् ।

# पशुपति क्षेत्रका १५ शिवालयको अध्ययन गर्न कार्यदल गठन

काठमाण्डु । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रका १५ वटा शिवालयको अध्ययन तथा संरक्षणका लागि ११ सदस्यीय अध्ययन कार्यदल गठन गरिएको छ। विश्व सम्पदा सूचीमा सूचीकृत धार्मिक महत्त्वका सम्पदाको संरक्षण तथा प्रवर्द्धन केकसरी गर्न सकिन्छ भनी अध्ययन गर्न ११ सदस्यीय कार्यदल गठन गरिएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत संस्कृति महाशाखा, पशुपति क्षेत्र विकास कोष, पुरातत्व विभाग, गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौँ महानगरपालिका-८ कार्यालय एवं पशुपति क्षेत्रमा कार्यरत सुरक्षा निकायहरूको संलग्नतामा बसेको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो। कोषका निमित्त उपनिर्देशक ईश्वरमान भण्डारीको संयोजकत्वमा समिति गठन गरिएको हो ।

समितिको सदस्यमा पुरातत्व विभागका स्ट्रक्चरल इञ्जिनियर डा पुरुषोत्तम डङ्गोल, विभागकै पुरातत्व अधिकृत राजेश परियार, खानी तथा



भूगर्भ विभागका भूगर्भविद् डा विश्वराज सिलवाल, मन्त्रालयका पुरातत्व अधिकृत भीष्म बाँस्कोटा, सशस्त्र प्रहरी बल नेपाल, पशुपति मन्दिर सुरक्षा बेसका सहायक प्रहरी निरीक्षक सुदर्शन खतिवडा, काठमाडौँ महानगरपालिकाको कार्यालय सम्पदा तथा पर्यटन विभागका आर्किटेक्ट गौरव श्रेष्ठ, कोषका इञ्जिनियर मदनराज पाण्डे, कोषका आर्किटेक्ट रिक्का श्रेष्ठ र संस्थानका सबइञ्जिनियर भीमप्रसाद अधिकारी रहनुभएको छ। रासस

**घर भाडामा**

(१) जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, मुरली चौक निर्वाचन कार्यालय अगाडी पुर्व मुख मौहरा भएका दुई तल्ले घरको भुइ तल्लामा ९ वटा कोठा ग्यारेज र ३ वटा स्नान घर शौचालय भएको कम्पाउण्ड वाल भएको जमीन ढलान रहेको दुई र चार पाङ्ग्रे सवारी साधन राख्ने पार्किङ्ग सुविधा सहित बिजुली र पानीको छुट्टै व्यवस्था समेत रहेको घर बहालमा रहेको छ।

(२) जनकपुरधाम उ.म.न.पा. वडा नं. १८ महुवाको टावर निर हरलाखी जाने बाटो तर्फ १०० मी. दुरीमा ५ कठ्ठा १० धुरमा दुवै तर्फ कम्पाउण्ड वाल भएको र उत्तर तर्फ १३ फिट सडकमै १३ वटा कोठा मंदिर समेत अति सुविधा सम्पन्न भएको घर बहालमा रहेकोछ ।

उपरोक्त घरहरुमा विद्यालय, नर्सिङ्ग होम, सरकारी कार्यालय र ट्रेनिङ्ग सेन्टरको लागि उपयुक्त रहेको हुनाले घर भाडामा लिन इच्छुक महानुभावहरुले तलको सम्पर्क नं. मा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**सम्पर्क नं. ९७४४२०६०५५**

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : शिक्षाको क्षेत्रमा उन्नति हुनेछ। परीक्षाको दिन भए राम्रो नतिजा प्राप्त हुनेछ ।
वृष : स्वास्थ्यमा नसोचेको समस्या हुनसक्छ। खानपानमा सचेत बन्नुपर्नेछ ।
मिथुन : तपाईले विश्वास र संरक्षण गरेका मान्छे विपक्षी कित्तामा पुग्नेछन् ।
कर्कट : लगानी गरेको भए वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ ।
सिंह : सुन्दर बन्न मन लाग्नेछ। तपाईको रुपको प्रशंसा हुनेछ ।
कन्या : सञ्चित धन अनुत्पादक क्षेत्रमा खर्च हुनसक्ने जोखिम देखिन्छ ।
तुला : लगानीका क्षेत्रमा सफलता मिल्नेछ । परिवारमा रचनात्मक काम बन्नेछ ।
वृश्चिक : आम्दानीका बाटा प्रशस्त भए पनि मन अशान्त बन्ने जोखिम छ ।
धनु : राजनीतिक संगठनबाट साथ र सहयोग रहनेछ ।
मकर : आफ्नो इच्छा विपरितको काम गर्नुपर्ने बाध्यता हुनसक्छ ।
कुम्भ: सप्तम भावमा चन्द्रमा रहेका छन् ।
मीन : अनावश्यक खर्च बढ्ने जोखिम छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## कम गुणस्तरको पाँच हजार १७० किलोग्राम दाल आयातमा रोक

काठमाण्डु । खाद्य प्रविधि गुण नियन्त्रण विभागले मापदण्डविपरीतका मास तथा मसुरोको दाल आयातमा रोक लगाइएको जनाएको छ ।

न्यू श्री बेटल ट्रेडर्स, कञ्चनपुर, भीमदत्तले भारतबाट पैठारीको लागि धनगढी भन्सार नाकामा ल्याएको दुई हजार ९२० किलोग्राम मसुरोको दाल र दुई हजार २५० किलोग्राम मासको दाल विभागअन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, धनगढीले परीक्षण गरेको थियो । परीक्षण गर्दा मसुरोको दालमा किराले क्षति पुऱ्याएको दानाको मात्रा मापदण्डमा तोकिएभन्दा बढी पाइएको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिनुभयो ।

मासको दालमा बाह्य रङको उपस्थिति पाइएको पनि उहाँले सुनाउनुभयो । दुवै दाल आयात गर्न नमिल्ने भनी धनगढी भन्सार कार्यालयलाई प्रतिवेदन पठाइएको विभागले जनाएको छ । खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा परिभाषित खाद्य पदार्थ पैठारी गर्न अनिवार्य रूपमा ऐनको दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर गर्नुपर्ने व्यवस्था छ ।

उपदफा (२) बमोजिम पैठारीका लागि स्वीकृति प्राप्त गरी प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिएर मात्र खाद्य पदार्थ पैठारी गर्नुपर्ने । रासस

# कम्पनी भन्छ– 'मल छ', किसान भन्छन् 'पाइएन'



सिरहा । यस वर्ष साउन महिनाको तेस्रो हप्ताको सुरूआतसम्म देशका धेरैजसो भूभागमा खडेरीजस्तो अवस्था सिर्जना भयो । लामो समयसम्म पानी नपर्दा किसानहरू चिन्तित थिए । बीउ रोप्ने समयमै खेतमा पानी थिएन, धानको उत्पादन अनिश्चित देखिन्थ्यो । तर साउनको तेस्रो सातादेखि अविरल वर्षा सुरू भयो, र किसानले ढिलो भए पनि धान रोप्न सके । अब रोपिएको धानलाई मल चाहिने संवेदनशील समय आएको छ ।

सिरहास्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय लहानमा किसानलाई आवश्यक पर्ने रासायनिक मल पर्याप्त मात्रामा मौज्दात रहेको भए पनि वितरण प्रक्रियामा भने समस्या देखिएको छ ।

कम्पनीका शाखा प्रमुख दीपराज पौडेलका अनुसार जिल्लामा हालसम्म तीन चरणमा मल वितरण भइरहेको छ । दोस्रो चरण साउन महिनामा मात्रै डिएपी ९३९ मेट्रिक टन र युरिया एक हजार २७ मेट्रिक टन मल जिल्लामा आइपुगेको छ । तेस्रो चरणको मल आउने क्रम पनि जारी रहेकाले अभाव नहुने पौडेलले जानकारी दिनुभयो ।

शाखा प्रमुख पौडेलले जिल्लामा रासायनिक मल पर्याप्त मात्रामा मौज्दात रहेको दाबी गरे पनि वास्तविक किसानहरू भने मल नपाएको गुनासो गरिरहेका छन् । नरहा गाउँपालिका-२ का किसान रघुवीर यादवले भन्नुभयो, "हिजो बिहान ४ बजेदेखि लाइनमा बसेँ, तर बेलुका मल सकियो भनेर फर्काइयो । कम्पनी भन्छ मल छ, हामीलाई त छैन", उहाँले अगाडि भन्नुभयो, "धान अब बढ्न थालेको छ । युरिया हाल्ने यही बेला हो । नत्र बाला लाग्दैन, बोट कम्जोर हुन्छ ।"

समयमै मल नपाउँदा रघुवीरजस्तै लहान-१८ का अखन यादवको पनि चिन्ता उस्तै छ । मंगलबार लहानस्थित रासायनिक मल वितरण गर्ने लहान-१ मा रहेको कृषि सहकारी संस्थामा पुगेर रित्तै हात फर्कनुपरेको उहाँको गुनासो थियो । "पानी पाएकोमा ढुक्क भयौँ, अब मल नपाएर गारोमा परेका छौँ", उहाँले भन्नुभयो, "मौसमले पनि समयमा साथ दिएन, मलखाद्य पनि पाइएन । किसान त सधैँ दोहोरो मारमा छ हजुर, के गर्ने ।" उहाँले रु दुई हजार ५०५ सम्म पर्ने ५० किलोको डिएपी मल बाहिर पशलमा किन्दा रु तीन हजार ५०० सम्म तिर्नुपरेको गुनासो गर्नुभयो ।

गोदाममा मल भए पनि वास्तविक किसानले मल नपाएको सम्बन्धमा कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रमुख पौडेलको भनाइ छ, "समस्या सहकारीहरूले समयमा मलको माग प्रक्रिया अगाडि नबढाउँदा हो । गोदाममा मल छ, तर वितरण स्थानीय तह र सहकारीमार्फत हुने भएकाले ढिलाइ भएको हो ।"

उहाँको अनुसार, दोस्रो चरणको वितरणअन्तर्गत सिराहाको १७ वटै पालिकामा १२५ कृषि सहकारीमार्फत मल वितरण गरिएको छ । डिएपी मल मात्रै १८ हजार छ सय बोरा वितरण गरिएको हो । यसमध्ये लहान नगरपालिकाले दुई हजार ९० बोरा, सिराहा नगरपालिकाले दुई हजार २०० बोरा, धनगढीमाईले एक हजार ५५५ बोरा, गोलबजारले एक हजार ५१० बोरालगायत बाँकी पालिकामा पनि हजारौँ बोराको दरले मल वितरण गरिएको छ ।

हालको वितरण प्रणाली पहुँच र सिफारिसमा आधारित भएकाले कतिपय वास्तविक किसान मलबाट वञ्चित हुनसकेको कम्पनीले स्वीकार गरेको छ । शाखा प्रमुख पौडेल भन्नुहुन्छ, "कतिपय किसानको पालो अझै आएको छैन, किनभने मल किस्तामा आउँछ । सबै किसानलाई पालैपालो दिने व्यवस्था मिलाइएको छ ।"

यता स्थानीय किसानहरू भने सहकारीले राजनीतिक आस्था र चिनजानका आधारमा मल वितरण गरेको गुनासो गरिरहेका छन् । उनीहरूका अनुसार सहकारीहरूले पारदर्शी वितरण प्रक्रिया अपनाएका छैनन्, जसले गर्दा सर्वसाधारण किसानलाई समयमा मल नपाउने अवस्था सिर्जना भएको छ । त्यस्तै पालिकामा प्रमुख वा अध्यक्षले आफ्नो लागि कोटा तोक्ने र आफ्ना मान्छेलाई वितरण गर्ने परिपाटीले मलको वितरण प्रणालीमाथि नै प्रश्न उठेको छ । पालिका तथा वडाको मनोमानी रूपमा सिफारिस गर्दा किसान र वितरकबीच कुटाकुट हुने स्थिति रहेको छ ।

मल तथा खाद्य वितरणमा अनियमितताको गुनासो बढेसँगै आज लहान नगरपालिका र भगवानपुर गाउँपालिकामा रहेका कृषि सहकारीहरूको अनुगमन गरिएको छ । इलाका प्रशासन कार्यालय लहानको नेतृत्वमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रतिनिधिसहितको टोलीले अनुगमन गरेको हो ।

अनुगमनको क्रममा सहकारीहरूले बिलबिजक नराख्ने, मूल्य सूची टाँस नगर्ने, रासायनिक मल तथा खाद्यान्न एउटै स्थानमा राख्नेजस्ता गम्भीर त्रुटिहरू फेला परेको इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सहकारीहरूले बिलबिजक नदेखाउने, मूल्य सूची नराख्ने, मल र खाद्यान्न एउटै ठाउँमा राख्ने कार्यले वितरण प्रक्रियामा गम्भीर अनियमितता देखाएको छ ।"

त्यस्तै उहाँले अन्य पालिकाहरूमा पनि यस्तै अनियमितता हुनसक्ने भएकाले नियमित अनुगमन आवश्यक रहेको बताउनुभयो । "अन्य पालिकाहरूमा पनि यस्ता गम्भीर त्रुटिहरू दोहोरिन नदिन अब निरन्तर अनुगमन गरिनेछ । आज अनुगमन गरिएका सहकारीहरूलाई हामीले पहिलोपटक भएकाले चेतावनी मात्र दिएको छौँ," उहाँले भन्नुभयो ।

कृषि सामग्री कम्पनी लिमिटेड लहान शाखाका प्रमुख पौडेलले पनि सहकारीहरूको अवस्था सुधार गर्न आवश्यक रहेको बताउँदै नियमित अनुगमनलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामीले वितरण प्रणाली सुधार गर्न सहकार्य गर्दै आएका छौँ । तर सहकारीहरूले नियम विपरीत कार्य गरेकाले थप कडाइका साथ अनुगमन आवश्यक छ ।" यसअघि आइतबार पनि सहायक जिल्ला अधिकारीको नेतृत्वमा सिरहा नगरपालिकाका कृषि सहकारीमा अनुगमन गरिएको थियो ।

प्रमुख पौडेलले यस्ता अनियमितता रोक्नका लागि स्थानीय तहले 'किसान कार्ड'को व्यवस्था गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो । यदि किसानको पहिचान सुनिश्चित गर्न किसान कार्ड लागू गरियो भने पहुँच र भनसुनको भरमा वितरण हुने मलखाद रोक्न सहज हुने उहाँको भनाइ छ ।

सरकारका तर्फबाट अनुगमन र सुधारको प्रक्रिया अघि बढाए पनि स्थायित्वका लागि सहकारीहरू स्वयं पनि जिम्मेवार बन्नुपर्ने सरोकारवालाको धारणा छ । कृषि सामग्री कम्पनीसँगै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पनि मल वितरण गरिरहेको छ । कृषि ज्ञान केन्द्रले पालिकालाई आवश्यकताअनुसार कोटा निर्धारण गरिदिने र त्यसपछि पालिकाले सहकारीमार्फत वितरण गर्ने प्रक्रिया अपनाइँदै आइएको छ । यहाँका किसानका अनुसार मलको मौज्दात पर्याप्त भए पनि वितरण प्रणालीमा सुधार नआउँदासम्म किसानको गुनासो कम हुने देखिँदैन ।रासस

# यस्ता छन् मन्त्रिपरिषद्का निणर्यहरू



काठमाण्डु । सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यको सेवाको शर्त र अन्य सुविधा तोक्ने निर्णय गरेको छ । यही साउन १८ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

सहसचिवहरू निर्मला अधिकारी भट्टराई (हाल कायममुकायम सचिव, सत्य निरूपण तथा मेलमिलाप आयोग) र इन्दिरा दाहाल भट्टराईलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी क्रमशः सत्य निरूपण तथा मेलमिलाप आयोगको सचिव र नेपाल कानुन आयोगको सचिव पदमा पदस्थापन गर्ने पनि सरकारको अर्को निर्णय रहेको छ ।

आज पत्रकार सम्मेलनमार्फत सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिक गर्नुभएको हो । यसै क्रममा अरुण-३ जलविद्युत् परिचालन विकासको लागि विकासकर्ता कम्पनी र नेपाल सरकार (लगानी बोर्ड) बीच भएको परियोजना विकास सम्झौताबमोजिम डा पवनकुमार श्रेष्ठ, डा पवनकुमार भट्टराई र डा गणेशप्रसाद न्यौपाने विषय विज्ञ रहेको प्रोजेक्ट रिभ्यु प्यानल (पिआरपी) गठन गर्ने, पिआरपी एग्रीमेन्ट स्वीकृत गर्ने र नेपाल सरकारको तर्फबाट उक्त पिआरपी एग्रीमेन्टमा हस्ताक्षर गर्ने अख्तियारी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गर्ने सरकारको निर्णय रहेको छ ।

त्यस्तै, सरकारले नेपालमा शाखा दर्ता गरेर वा स्थायी संस्थापनको रूपमा दर्ता रहेका एमसिए (नेपालको काम गर्ने निर्माण वा सेवा प्रदायक कम्पनीको एमसिसी फन्डिङ (नेपालको योगदान समेत) बाट आर्जित आयमा आय वर्ष २०८२/८३ को लागि आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा ९१० बमोजिम आयकर छुट दिने र यसरी दिइएको छुटको जानकारी नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गर्ने निर्णय गरेको छ ।

त्यसैगरी सरकारले नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पोरेसन १४ सेप्टेम्बर २०१७ मा हस्ताक्षर भएको सहायता सम्झौताको धारा ३ को उपधारा ३.५ इम्प्लीमेन्टेसन लेटर मेकानिजम्स टु इम्प्लीमेन्ट टाक्स एक्जाम्सन अफ एमसिसी फन्डिङ विषयक कार्यान्वयनपत्र स्वीकृत गरेको छ ।

खानेपानी मन्त्रालय आगामी भदौ १० देखि १२ गतेसम्म मलेसियामा आयोजना हुने मेन्टी भिजिट टु एसपीएएन मलेसिया फर रेगुलेटरी रिफर्म इन नेपाल प्रदान कार्यक्रममा खानेपानी मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिइएको छ ।

आगामी असोज ६ देखि १७ गतेसम्म डेनमार्कको कोपेनहेगनमा आयोजना हुने युनाइटेड नेशन्स सिनियर नेसनल प्लानर्स कोर्स फर नेसनल प्लानर्स फ्रम ट्रुप एन्ड पोलिस कन्ट्रीब्युटिङ कन्ट्रीज् (टि/पिसिसिएस) विषयक कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहाललाई सहभागी हुन अनुमति दिइएको छ ।

मन्त्री गुरुङका अनुसार आवश्यक सेवा सञ्चार ऐन २०१४ को दफा ३ को उपदफा (१) बमोजिम आवश्यक सेवामा मालसमान निषेध गर्ने आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने मन्त्रीपरिषद्को निर्णय रहेको छ ।

साथै, उहाँका अनुसार नेपालमा 'द युनाइटेड नेशन्स अफिस फर प्रोजेक्ट सर्भिस-युएनओपिएस' को कार्यालय स्थापना तथा सञ्चालन गर्नेसम्बन्धी संलग्न 'लेटर्स अफ एक्सचेन्ज' स्वीकृत गर्ने र नेपाल सरकारको तर्फबाट हस्ताक्षर गरी उक्त आदानप्रदानपत्र युएनओपिएसमा पठाउन परराष्ट्र सचिवलाई अख्तियारी प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

त य स त ै , नेपाल सरकारको नाममा दर्ता रहेको काठमाडौँ जिल्ला साविक थानकोट महादेवस्थान गाविस वडा नं ८ ख को तीन रोपनी जग्गा चन्द्रागिरि नगरपालिका-७ वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने प्रयोजनका लागि र वडा नं २ ख को तीन रोपनी जग्गा चन्द्रागिरि नगरपालिका-५ वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि चन्द्रागिरि नगरपालिका, काठमाडौँलाई उपयोग गर्न स्वीकृति दिने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षमा अनिलराज पौडेललाई नियुक्त गरिएको छ । त्यसैगरी युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेडलाई ताप्लेजुङजिल्लाको मेरिङदेन गाउँपालिका-३ मेवा खोला जलविद्युत् आयोजनाको १३२ केभी प्रसारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वनको ३ दशमलव ३७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ ।

त्यसैगरी सरकारले जलशक्ति हाइड्रो कम्पनी लिमिटेडलाई इलेप (तातोपानी) खोला जलविद्युत् आयोजना निर्माणको लागि धादिङ जिल्लाको रुविभ्याली गाउँपालिका-४ मा रहेको राष्ट्रिय वनको ३ दशमलव ६३२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ ।

आगामी साउन २६ देखि २७ गतेसम्म गणतन्त्र कोरियामा आयोजना हुने इवा इन्टरनेसनल वर्कशप अन क्लाइमेट इन्ड्युस्ड ल्यान्डसाइड्स एन्ड सस्टेनेवल रिकभरी कार्यक्रममा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री रूपा विकलाई स्वीकृति दिएको छ ।

त्यसैगरी सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (पाँचौं संशोधन) नियमावली, २०८२ स्वीकृत गरेको छ भने बुलु सुदुरपूर्व चुली हिमाल आरोहणका लागि खुला गरेको र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिएको छ ।

संयुक्त अरब इमिरेट्सको दुबईमा सञ्चालन हुने २८ औं युपीयु कंग्रेस कार्यक्रममा आगामी भदौ २३ देखि २९ गतेसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिइएको छ । सरकारले बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ स्वीकृत गरेको भने राष्ट्रिय श्रम आप्रवासन नीति २०८२ स्वीकृत गरेको छ ।रासस

> मन्त्री गुरुङका अनुसार आवश्यक सेवा सञ्चार ऐन २०१४ को दफा ३ को उपदफा (१) बमोजिम आवश्यक सेवामा मालसमान निषेध गर्ने आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने मन्त्रीपरिषद्को निर्णय रहेको छ ।


राजर्षिजनक विश्वविद्यालय
डीनको कार्यालय
जनकपुरधाम, धनुषा

**प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२।०४।२१**

राजर्षिजनक विश्वविद्यालय "मानविकी तथा कानून संकाय", "व्यवस्थापन संकाय" र "विज्ञान, प्रविधि तथा इन्जिनियरिंग संकाय" अन्तर्गत आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा देहाय बमोजिम शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि Online आवेदन फाराम खुल्ला गरिएको व्यहोरा सूचित गरिन्छ ।

| Faculty | Program | Eligibility Condition for Admission |
|---|---|---|
| Humanities and Law | Bachelor of Computer Application (BCA) | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | Bachelor in Mithila Arts and Aesthetic (BMAA) | |
| | Bachelor in Journalism and Mass Communication (BJMC) | |
| | Bachelor of Arts and Bachelor of Legislative Laws (BALLB) | +2 Level or Equivalent with a minimum of 50 percent in marks or a C+ grade from a recognized educational institute. |
| Management | Bachelor of Business Administration (BBA) | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | Bachelor in Digital Business Management (BDBM) | |
| Science, Technology and Engineering | Bachelor of Information Technology (BIT) | +2 Level or Equivalent Degree pass in mathematics or computer science with minimum "C"grade and 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in others subjects. Or, three years Diploma in second division or equivalent from CTEVT with Mathematics or Computer Science. |
| | Bachelor of Civil Engineering (BE Civil) | +2 Level or Equivalent Degree pass in Science stream (Physics, Chemistry, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 2 on the scale of 4 (equivalent grade C) having "D" grade in each subject. |
| | Bachelor of Science, Computer and Information Technology (BSc. CSIT) | |
| | Bachelor of Science in Agriculture (BSc. Ag) | +2 Level or Equivalent Degree pass in Science/Agriculture stream (Physics, Chemistry, Biology, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |


**तपसिल :**

१. **Online आवेदनका लागि** : apply.rju.edu.np
२. **प्रवेश परीक्षा फाराम भर्ने अन्तिम मिति** : २०८२।०५।१० गते सम्म
३. **आवेदन फाराम शुल्क** : रु.१,०००/-(एक हजार मात्र)
४. **विलम्ब दस्तुर थप रु.५०० सहित बुझाउने मिति** : २०८२।०५।११ गते देखि २०८२।०५।१७ गते सम्म
५. **प्रवेश परीक्षा मिति** : २०८२।०५।२१ र २२ गते
६. आवेदन फाराम शुल्क eSewa मार्फत जम्मा गर्नु पर्नेछ ।
७. **प्रवेश परीक्षा संचालन हुने मिति :**

| शैक्षिक कार्यक्रम | मिति | समय |
|---|---|---|
| BBA / BDBM / BSc.Ag / BMAA | २०८२।०५।२१ | विहान ७:३० - ९:३० |
| BALLB / BIT | २०८२।०५।२१ | विहान ११:०० - १:०० |
| BSc. CSIT / BJMC | २०८२।०५।२२ | विहान ७:३० - ९:३० |
| BE Civil / BCA | २०८२।०५।२२ | विहान ११:०० - १:०० |

८. **परीक्षा केन्द्र** : सम्बन्धित क्याम्पस तर BE Civil का लागि गौशाला ई.क्याम्पस, महोत्तरी र टेक ए.आइ. क्याम्पस, बानेश्वरमा हुनेछ ।

**सम्पर्क** : डीनको कार्यालय (९८५१२७४०३९, ९८१५८१२२००), विश्वविद्यालय क्याम्पस (९८५१२७४०३७, ९८४४०२६६५२), गौशाला इन्जिनियरिंग क्याम्पस (९८०७८३१३१९), पण्डित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पस, गौर, रौतहट (९८६०९०३००९), प्राविधिक सहयोगको लागि ०४१५९०९३१, Email : info@rju.edu.np



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# धित्तो मुल्यांकन पद्दति, बर्तमान जोखिमहरु र जोखिम न्युनिकरणका सम्भावित उपायहरु:



कुमार यादव

बिगत केही बर्ष देखी बैंक तथा बित्तिय संस्थाहरुले खराव कर्जाहरुको असुली प्रक्रिया अन्तर्गत सुरक्षणमा राखिएका जग्गा वा घर-जग्गा लिलाम-बिक्रीमा राख्दा खरिदकर्ता नभेटेको, शुरुवाती मुल्यांकन र लिलाम-बिक्री लगतै अधिको मुल्यांकनमा निकै नै अन्तर देखिएको गुणासो गर्दै छन भने केही ऋणीले मुल्यांकन भन्दा निकै कम एवम कौडीको भाऊमा बैंकले जग्गा वा घर-जग्गा लिलाम गरिदिएको आरोप पनी लगाँउदै छ्न् । मुल्यांकनकर्ताहरुको छाता संगठन नेपाल भ्यालुएर्स एसोसिएसन पनी बिभिन्न माग राखेर आन्दोलनमा छन् । आऊनुहोस् हामी चरणबद्ध रुपमा मुल्यांकनका हाल सम्मका अभ्यास, यसमा देखिनथालेका सम्स्याहरु, सो को कारक एवम सम्भावित निदानका पाटाहरुमा छलफल गरौंः

**१) मुल्यांकनका हाल सम्मका अभ्यास**ः

प्रारम्भिक बिश्लेशण पश्चात कर्जा प्रवन्धक एवम शाखा प्रवन्धकलाई उचित लागे उनिहरु ऋणीबाट धित्तो सम्बन्धी कागजातहरु जस्तै, जग्गाको लालपुर्जा, हालैको तिरो तिरेको रसिद, चार किल्ला प्रमाणित, एका-सगोल प्रमाणित, राजिनामा लिखत वा जग्गा नामसारीको अन्य प्रमाण , घरको मुल्याँकन भए घरको प्रमाणित नक्सा, निर्माण सम्पन्न प्रमाणपत्र आदी माँग्दछन् । हाल प्राय-जसो बैंकहरुले नापी कार्यालय मार्फत जग्गाको नक्सा आफैं झिकाऊँछन । नक्सामा बाटो प्रष्ट नभए वडाबाट बाटो प्रमाणित पनी ल्याऊनु पर्दछ। तत्त पशचात् मुल्याँकनकर्तालाई सो कागजातहरु वा त्यसका प्रतिलिपी दिएर मुल्याँकनको लागी अनुरोध गरिन्छ ।

मुल्याँकनकर्ता प्राय बैंकको प्रतिनिधी एवम जग्गा-धनी समक्ष नै जग्गा निरिक्षण गर्दछन् । नक्सा तथा लालपुर्जा अनुसार फिल्डमा जग्गा भए-नभएको, बाटो भए-नभएको, नदी-नाला, हाई-टेन्सन लाईन, भिर-पाखा, ताल-तलैया, बैरेक, निकुंज, क्षेत्र-फल, आकार, प्रकार (आवासिय, औद्योगिक, ब्यवसायिक, कृषी) बिजुली, ढल, टेलिफोन सुबिधा, आदी जस्ता कुरा कागजात निरिक्षण, जग्गा एवम सडक मापन तथा साईट निरिक्षण मार्फत यकिन गर्दछन । जग्गाको बजार भाऊ भने वरि-परी उपस्थित स्थानिय मान्छेहरु सँग सोधपुछ गरेर बिश्वाशिलो दरहरुको एउटा औसत निर्धारण गरेर निकालिन्छ ।

यसरी आएको बजारभाऊ को मुख्य भार (६०-८० प्रतिशत) र प्रकाशित सरकारी दरको सहायक भार (२०-४० प्रतिशत) सम्मको भारित औसत मुल्य नै मुल्याँकन्कर्ताले जग्गाको उचित बजार मुल्य भनेर निकाल्ने गर्दछन ।हुनत कहिले काँही कम रकमको ऋण बापतको धित्तो मुल्याँकनमा वडाको मुल्याँकन पनी हेर्न पाईन्छ ।

जुन झनै ऋणीले भनेकोलाई आधार मानेर प्रमाणित गरिएको हुने गर्दछ । जग्गामा हक-भोग एवम अन्य कुनै बिवाद रहे नरहेको पनी वरी-परीका स्थानिय सँग सोधेर नै निक्यौल गरिन्छ । बर्तमान जग्गा धनीमा जग्गा हस्तान्तरण भएको तरिका (राजिनामा, बकस, अँश-बण्डा, मृत्यु-नामसारी, दाखिला खारेज, सट्टा-पट्टा आदी), यसको कुलिङ अफ पिरियड, स्वामित्वको प्रकार आदी कागजात स्तरमैं यकिन गरिन्छ ।

ईन्जिनियर सँगै साईटमा गएका बैंकका कर्मचारीले पछी सोही भ्रमणको आधारमा धित्तो स्थल भ्रमण प्रतिवेदन तयार गर्नु पर्दछ र ईन्जिनियरको भ्यालुएसन प्रतिवेदनमा पनी दस्तखत गर्नु पर्दछ । घर मुल्याँकन भने मुल्याँकनकर्ताले घरको अनुमानित लागत बाट घर निर्माण पशचातको अवधीसम्मको लागी बैंकको मुल्याँकन निर्देशिका बमोजिमको ह्लासदर लगाएर ह्लास कट्टी गरिकन गर्दछन । घरको सँरचना, प्रमाणित नक्सा एवम निर्माण सम्पन्न प्रमाणपत्र सँग पनी भिडाऊँदछन ।

**२) हालका मुल्याकन पद्धतिका जोखिमहरु**ः

क) जग्गा सम्बन्धि किर्ते कागजातः हालको पद्दती अनुसार बैंकको शाखा स्तरका कर्मचारीले सक्क्ल कागजात तथा सोका प्रतिलिपीहरु हेर्ने गर्दछन् । पहिला धेरैले प्रतिलिपीमा "भेरिफाईड विथ ओरिजिनल" को स्टाम्प लाऊने गरे तापनी हाल आएर "ओरिजिनल सिन" मात्रको स्टाम्प लाऊने गर्दछन् । आधारभुत कागजात नै किर्ते भए सो मा टेकेर बनाईएको प्रतिवेदन अर्थहिन हुन जान्छ ।

ख) बजार-भाऊ यकिन गर्ने तरिका अत्याधिक सापेक्षः तथ्य पत्ता लगाऊनलाई सोधपुछ धेरै मध्ये एउटा तरिका हुनु पर्नेमा जग्गाको बजार-भाऊ पत्ता लगाऊन यो एक मात्र तरिका हुन गएको छ । जग्गाको अन्तिम प्रयोग खेती, आवास, ब्यवसाय वा उद्योग संचालन मा प्रयोग एवम बहाल आर्जन हुने भए पनी यसको मागका अन्य धेरै पाटाहरु छन् । नेपालमा साना तथा मझौला स्तरका ऋण र केही हद सम्म ठुला ऋण पनी जग्गा एवम घर-जग्गा धित्तो मुखी भएर जग्गाको मागको बास्तविक कारकहरु पत्ता लाऊन पनी कठिन हुन गएको छ। बजार भाऊ जस्तो गम्भिर र उत्तरदायी एवम भविष्यमा सम्बन्धितलाई ठुलो कानुनी जोखिम पर्न सक्ने मामिलामा नियामक, सरकार एवम सरोकारबालाहरुले बस्तुनिष्ट मापदण्ड निर्माण गर्न नसक्नु बैंक, धित्तो स्थल भ्रमण प्रतिवेदन तयार गर्ने कर्मचारी एवम मुल्याँकनकर्ताहरुको लागी निकै नै दुर्भाग्यपुर्ण छ ।

ग) घरको मुल्याँकन लागत मुखी हुनाले बिक्री मुल्य एवम माग को पक्ष ध्यान नदिएको

घ) उचित श्रोत, साधन को अभावः धित्तो स्थल भ्रमण प्रतिवेदन तथा मुल्याँकन प्रतिवेदनमा बैंकका शाखा स्तरका कर्मचारी हुन्छन् । आम रुपमा ब्यवस्थापन शास्त्र पढेका, दुई/तिन बर्षमा सरुवा भई राख्नु पर्ने कर्मचारीहरुसँग धित्तो मुल्याँकन को पाटोमा चेकरको भुमिकामा राख्नु आन्तरिक नियन्त्रणको सिद्धान्त बिपरित देखिन्छ । ईन्जिनियरको टिममा पनी लेखा, कानुन, कागजात निरिक्षणका बिज्ञ भएको पाँईदैन ।

३)जोखिम न्युनिकरणका उपायः कानुन अनुसार अधिक एवम न्युन दुबै मुल्याँकन बैंकिङ कसुर हो अर्थात जोखिम युक्त हो । जोखिमलाई न्युनिकरण गर्न सकिन्छ, निर्मुल गर्न सकिन्न । जोखिम न्युनिकरणकै लागी बैंकले तटस्थ तेश्रो पक्षलाई जग्गा मुल्याँकनको जिम्मेवारी दिएका हुन्छन । हाल देखा परेका मुल्याँकनका जोखिमहरु निम्न उपायहरुले न्युनिकरण गर्न सक्दछः

क) मुल्याँकनका बस्तुनिष्ट एवम पेशागत मानक प्रकाशनः सम्बद्ध नियामक एवम सरोकारवालाहरुले धित्तो मुल्याँकनको बिशेश उद्देश्यलाई केन्द्रमा राखी सोको लागी बस्तुपरक फ्रेमवर्क निर्माण तथा लागु गर्नु पर्दछ । हालको जस्तो अपुर्ण एवम अत्यधिक सापेक्ष पद्दतीले पेशागत निर्णय लिन र सो अनुरुप उत्तरदायी बन्न / बनाऊन कठिन छ । जग्गा तथा घर-जग्गा मुल्याँकन मानक निर्माण एवम लागुमा ईन्जिनियरिङ काऊन्सिल, आईक्यान, नेपाल राष्ट्र बैंक एवम बैंकर्स एसोसियसनहरुले निर्णायक भुमिका खेल्नु पर्दछ ।

ख) रिस्क बेस्ड प्राईसिङ एन्ड मेनपावरको अवधारणाः जग्गा मुल्याँकनमा मुल्याँकनकर्ताको सेवा शुल्क न्युनतम ५ हजार देखी अधिकतम २५ वा ३० हजार तोकेर, शाखा स्तरका सो बिषयमा दक्षता नै नभएको कर्मचारीमा जोखिम हस्तान्तरण गरेर समस्याको सामाधान हुँदैन । लिस्टिङ कै बेला बैंकले ईन्जिनियरको टिममा दक्ष जनशक्ती जस्तै सि ए, वकिल, आदी समेत छ कि छैन भनेर हेर्नु पर्दछ । घर-जग्गा मुल्याँकनमा केवल सिभिल ईन्जिन्यरिङ क्षेत्रका प्राविधिक पाटा मात्रै हुँदैनन् अपितु लेखा, कानुन एवम अन्य त्यतिकै महत्वपुर्ण पाटा हुन्छन् । यसर्थ यो एकल भन्दा दक्ष समुहको काम हो। पारिश्रमिक सोही अनुकुल नहुँदा यो सम्भव छैन । त्यस्तै, बैंकले पनी सो सम्बन्धी आन्तरिक काम गर्नलाई बिशेशज्ञ नै राख्नु पर्ने देखिन्छ ।




ग) कानुनी एवम नियामक जोखिमको स्पष्ट भारः मुल्याँकन सम्बन्धी कुन कुन कुराको लागी ऋणी, कुन कुराको लागी मुल्याँकनकर्ता, कुन कुराको लागी बैंकका सम्बद्ध कर्मचारी दोशी हुने, कुन दोशको सजाय के कस्तो हुने भन्ने कुराको स्पष्ट कानुनी एवम नियामक प्रावधान हुनुपर्दछ । ताकि अपराधिक मानसिकताकाले धमिलो पानीमा माछा मार्ने कोशिश नगरोस् । बैंकिङ बिश्वकै सब-भन्दा बढी नियमन हुने क्षेत्र मध्येको हो । यसमा देखा परेका समस्याहरुको निदान तर्फ सरोकारबालाहरुले बेलैमा ध्यान दिएको बेस ।

(बिचार लेखकका निजी हुन्)

## सम्पादकीय

# धार्मिक पर्यटक प्रवर्द्धन आवश्यक

भारतको बिहार राज्यको सीतामढी जिल्लामा भारत सरकारले अर्बौंको लगानीमा सीता मन्दिर निर्माण र अनेक पूर्वाधारहरु निर्माण गर्न लागेको छ । सीतामढीका वासिन्दाहरुले सीतामाताको जन्म पुनौराधाममा भएको दाबी गरिरहेका छन् । त्यसको विषयमा रामायण लगायतका ग्रन्थहरुमा उल्लेख रहेको छैन । तर स्थानीय वासिन्दाहरुको दाबीलाई जनकपुरधामका केही साधुसन्त र केही कलाकारहरुले पनि सीताको जन्म सीतामढीकै पुनौराधाममा भएको पक्षमा वकालत गरिरहेका छन् । सीतामढीमा भव्य विशाल सीता मन्दिर निर्माण भएपछि जनकपुरधाममा आउने भारतीय हिन्दू पर्यटकहरु सीतामढीको पुनौराधाममा दर्शन गरी फर्कने अवस्था आउने छ । त्यसले जनकपुरधाममा आउने धार्मिक पर्याटकहरुको संख्यामा निकै कमी आउनेछ । भारतले सीतामढीमा गरिरहेको लगानीले समग्रमा जनकपुरधामको धार्मिक पर्यटकलाई कमजोर बनाउने छ । अहिले भारतको प्रायः सबै राज्यबाट हिन्दू श्रद्धालुहरु माता जानकीको दर्शनका लागि आउने गरेका छन् । माता जानकीको जन्म, दरबार, धनुषयज्ञ, विवाह भएको स्थल लगायतका पवित्र स्थलहरु जनकपुरधाममा रहेको मान्यता छ । जनकपुरधामको विषयमा रामायणमा प्रशस्त उल्लेख गरिएको छ । रामायणले जनकपुरधामको महिमालाई उजागर गरेको छ । रामायणमा वर्णित स्थलहरु जनकपुरधाममा रहेकाले हिन्दू श्रद्धालुहरु कम्तीमा एकपटक जनकपुरधामको पवित्र भूमिको दर्शन गर्न चाहन्छन् । जनकपुरधामको कणकणमा भगवानको वास रहेको मान्यता छ । भगवान सीतारामको मिलन भएको पावन स्थलको स्पर्शले जीवन धन्य हुने जनविश्वास छ । भगवान सीतारामको पवित्र भूमि जनकपुरधाममा भारतबाट ठूलो संख्यामा तीर्थयात्रीहरु आउने गरेका छन् । हुन त उनीहरु नेपालको पोखरा, मुक्तिनाथ, पशुपतिनाथ, मानसरोवर, लुम्बिनीलगायतका तीर्थस्थलहमा जाने गर्छन् । जनकपुरधाममा एकपटक माता जानकीको दर्शन गर्ने सबै भारतीय हिन्दूहरुको चाहना रहेको पाइन्छ । भारतका राष्ट्रपति र प्रधानमन्त्रीहरु पनि जनकपुरधाममा माता जानकीको दर्शन पूजा गरेका छन् । जनकपुरधामदेखि सीतामढीको दुरी ५० किलोमिटर मात्र छ । तर बोर्डर(सीमा)मा कानुनी अड्चन र अनेक प्रकारको झमेलाले पनि भारतीय पर्यटकहरु सीतामढीबाट नै फर्कने छन् । भारतीय र नेपाली सुरक्षाकर्मीहरुले दुवै देशका पर्यटकहरुलाई अनाहकमा दुख दिने गरेका छन् । बोर्डरमा दुवै देशका नागरिकलाई आउजाउ गर्न सहज वातावरण बन्नुपर्ने लामो समयदेखि दुवै देशको नागरिकबाट माग हुँदै आएको छ । तर सीमामा झन् जटिलता बढ्दो छ । जनकपुरधाममा हिन्दू पर्यटकहरुको संख्यामा वृद्धि गर्न पूर्वाधार निर्माण लगायत प्रचारप्रसार गर्न आवश्यक छ । माता जानकीको विवाह भएको पावन स्थल मणिमण्डपमा अझै धेरै पूर्वाधार निर्माण गर्न आवश्यक छ । धनुषाधामको विकास र गंगासागर, धनुषसागर लगायतको सरोवरहरुको सौन्दर्यीकरण गर्न समेत आवश्यक छ । धार्मिक पर्यटन प्रवर्द्धनका लागि प्रदेश र संघीय सरकारसँगै स्थानीय सरकारले पनि सहकार्य गर्न आवश्यक छ ।

# जनकपुरधामको बिगत र वर्तमानको आईना




प्रफुल्ल घिमिरे

जनकपुर धाम , नेपालको मिथिला क्षेत्रमा अवस्थित एक पवित्र धार्मिक नगरी हो, जसको एतिहासिक, पौराणिक , आध्यात्मिक र सांस्कृतिक महत्व अद्वितीय छ। यहाँ राजा जनक, देवी सीता, ऋृषि याज्ञवल्क्य, गार्गी, शतानन्द, मैत्रेयी, आदि विभुतिहरुको स्मृति अटुट रुपमा बाँकी छ। तथापि , पछिल्ला दशकहरुमा ७२ पवित्र सर (पोखरी-कुण्ड ), ५२ कुटिहरु, दर्जनौ मठ-मन्दिर , बगैचाहरु, इनारहरु तथा संस्कृत परम्पराहरुको निरन्तर क्षरण हुँदै गएको छ।

जनकपुरधाम – केवल एउटा सहर होइन, एक इतिहास हो। एक संवेदना हो ।

एक सांस्कृतिक चेतना हो। जहाँ हरेक पत्थरमा कथा छन्, हरेक पोखरीमा धर्म छ, र हरेक गजुरमा संस्कार। यस्तो ठाउँ विश्वमै कमै छन्, जहाँ संस्कृति, धर्म, दर्शन, परम्परा, प्रेम, त्याग र आध्यात्मिक उचाइ एउटै धरोहरभित्र समाहित छन्।

तर यो गौरवशाली सहर आज दिशाहीन मोडमा उभिएको छ। विकासको नाममा विनाश भैरहेको छ। स्मृतिको नाममा विस्मृति छाइरहेको छ। संरक्षणको नाममा दोहन भैरहेको छ। जनताको आवाजभन्दा माथि योजनाविहीन सत्ताका निर्णयहरू हावी छन्। र यस्तो अवस्थामा एउटा प्रश्न उठ्छ –




**'के यो जनकपुरधाम यहाहरूको इच्छाले चलिरहेको छ?'**

**बिगत : धार्मिक ऐश्वर्य र सांस्कृतिक गौरवको स्वर्णकाल**

वेद, उपनिषद् र दर्शनको लीलाभूमि - जनकपुरधामको बिगत आजको पुस्ताका लागि किंवदन्ती जस्तो लाग्न सक्छ। तर यो कुनै मिथक होइन, "धार्मिक प्रमाण र ऐतिहासिक साक्ष्यमा आधारित सत्य"हो।

शताब्दीयौं अघिदेखि यो भूभाग राजा जनकको राजधानी मिथिलाको केन्द्र थियो। यहीँ राम-जानकीको पवित्र विवाह भएको थियो। यहीँ मुनि विश्वामित्र, याज्ञवल्क्य, गार्गी, मैत्रेयी, शतानन्द जस्ता तपस्वी र विदुषीहरूको वास थियो। यहीँ परम्परागत शिक्षाले संस्कृतिबोध, लोकाचार र वैदिक अभ्यासलाई जीवनको अङ्ग बनाएको थियो।

कहिल्यै राजा-सत्ताको भोगका लागि होइन, तपस्वीहरूको साधनाका लागि बनाइएको शहर थियो जनकपुरधाम।

यहाँ ७२ वटा सरोवरहरू थिए- जसलाई कुण्ड, सर, ताल, पोखरी, जलाशय भनिन्थ्यो। ती सबैको नाम, स्थान र धार्मिक कार्यमा विशिष्टता थियो।

यहाँ ५२ भन्दा बढी कुटी, मठ, आश्रम र तपोभूमिहरू थिए - जहाँ देश,विदेशबाट आएका साधु-सन्त, गुरूजन र शास्त्रज्ञहरू तपस्या, ध्यान , पुजा-पाठ गर्थे ।

जनकपुर केवल शहर होइन, एक 'जीवित तीर्थ' थियो।

तर आज जनकपुर धाम भुलिँदै गएको स्मृति र खोसिँदै गएको आत्मा सरह बन्न पुगेको छ।

बिगतका त्यो गौरव आज हराउँदै गएको छ। एक एक गरी पोखरीहरू गुम्दै छन् – केही ढलको निकास बने, केही रोड-प्लटिङमा मिलाइए, केही अतिक्रमणको



सिकार भए।

कुटीहरू मासिँदै छन् – कतै निजी स्वामित्वको दाबी, कतै सिमाना नापीको अभाव, कतै सरकारी उदासीनता।

पुरातात्त्विक महत्त्वका मन्दिरहरु होस् या तपोवन क्षेत्र – संरक्षणको सट्टा लापरवाही, रेखदेखको सट्टा अवहेलना।

यहाँका ऐतिहासिक इनारहरूमा अब कसैले पानी खान आउँदैन – किनकि धेरैजसो भरिएका छन् या फोहोरले ढाकिएको छ। या त व्यक्तिको रैतान नम्बरिमा गाभिएको छ।

जहाँ बाजा घन्कन्थ्यो, त्यहाँ ट्राफिकको होहल्ला छ। जहाँ आरती हुन्थ्यो, त्यहाँ अब बियरको बोतल भेटिन्छ। जहाँ गजुर टाँगिन्थ्यो, त्यहाँ होर्डिङ बोर्ड छायो परिवर्तन विकास होइन, संस्कृति गुमाउने विनाश हो।

# ‘कुलिङ अफ पिरियड’सम्बन्धी छानबिन समितिको प्रतिवेदन प्रतिनिधिसभामा पेस



काठमाण्डु । ‘सङ्घीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि छानबिन विशेष समिति’ले आफ्नो प्रतिवेदन प्रतिनिधिसभामा पेस गरेको छ । सभाको मंगलबारको बैठकमा समिति सभापति जीवन परियारले सो प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

सभापति परियारले सो विधेयकका सम्बन्धमा मिहीन रुपमा दफावार छलफल नगरिएको, परिमार्जन गरिएको प्रतिवेदन समितिका सदस्यले अन्तिममा नहेरेको र छलफल नगरिएको छानबिनका क्रममा पाइएको स्पष्ट पार्नुभयो । उहाँले मस्यौदा प्रतिवेदनसँग मूल विधेयक एकीकरण गरी मिलाउने प्रणाली नभएको र विधेयक मस्यौदामा मिलाउने जिम्मेवारीमा संलग्न पक्षले आफ्नो दायित्व पूरा नगरेकाले कानुनी तादाम्यता नमिलेको सदनलाई जानकारी गराउनुभयो ।

प्रतिवेदनले सो त्रुटिका सम्बन्धमा राजनीतिक व्यक्तिलाई राजनीतिक र नैतिक जिम्मेवारी तथा कर्मचारीको पदीय र कानुनी जिम्मेवारी हुने हुँदा सोही बमोजिमको व्यवस्था गर्न सुझाव दिएको छ । समितिले आगामी दिनमा यसखालका त्रुटि हुन नदिन मूल विधेयक र समितिको मूल प्रतिवेदन एकीकृत रुपमा हेर्ने र अध्ययन गर्ने अभ्यास प्रारम्भ गर्न सुझाव दिएको छ ।

विधेयकमाथिको दफावार छलफलमा सम्बन्धित मन्त्रालयका निश्चित तहका पदाधिकारीलाई मात्र समितिमा पहुँच दिने, विधेयक प्रस्तुतकर्ता मन्त्रीलाई त्यससम्बन्धमा बढी जवाफदेही बनाउने, संवेदनशील छलफलमा गोपनीयता र पारदर्शितालाई सन्तुलनमा राख्न सोही अनुरुप सरोकारवालाबाहेक र अन्यलाई विचार गरी प्रवेश दिन समितिले सुझाव दिएको छ ।

“समितिका निर्णयलाई एक रुपता कायम गर्न र मानवीय त्रुटि कम गर्न मार्गदर्शन तयार गरी लागू गर्ने, सभापतिले निर्णय प्रक्रियामा सबै सदस्यलाई विधेयकमा के-के परिमार्जन गरियो भन्ने विषयलाई वाचन गरी निर्णयमा सदस्यको हस्ताक्षर गर्ने पद्धतिको विकास गर्ने तथा समितिको अन्तिम प्रतिवेदन सभामा पठाउनुपूर्व अनिवार्य रुपमा समितिको बैठक राखी छलफल गराउनुपर्ने”, छानबिनको निष्कर्ष सुनाउँदै सभापति परियारले भन्नुभयो ।

समितिले राज्य व्यवस्था समितिका सभापति, सचिव, सदस्य, विज्ञ, गृहमन्त्री, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री, तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, विभिन्न राजनीतिक दलका मुख्य तथा प्रमुख सचेतक, संसद्मा रहेका सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्वतन्त्र सांसदसँग अन्तरक्रिया र छलफल गरेको उहाँले जानकारी दिनुभयो ।


यसैगरी, समितिले मुख्यसचिव, उच्चपदस्थ कर्मचारी, संसद्का महासचिव, विभिन्न मन्त्रालयका सचिवसँग पनि प्रत्यक्ष साक्षात्कार गरेको थियो । समितिले २९ दिनसम्म विभिन्न ३७ पटक बैठक बसेर प्रतिवेदनलाई अन्तिम रुप दिएको हो ।रासस

# भारत र चीनको सहकार्यमा नेपाललाई भूपरिवेष्टितबाट भूजडितमा रूपान्तरण गर्ने सङ्कल्प

तुर्कमेनिस्तान । प्रधानमन्त्री केपी शर्मा ओलीले साझा जिम्मेवारीसहित समावेशी विश्वव्यापीसाझेदारीमार्फतसमृद्धिको यात्रामा अघि बढ्न भूपरिवेष्टित मुलुकहरूलाई आग्रह गर्नुभएको छ । उहाँले पूर्वाधार विकास र प्रविधिको सदुपयोगसहित नेपाललाई भूपरिवेष्टितबाट भूजडितमा रूपान्तरण गर्ने सङ्कल्प पनि प्रस्तुत गर्नुभयो ।

तुर्कमेनिस्तानको आवाजामा जारी भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनको प्लेनरीसत्रमा अल्पविकसित (एलडिसी) मुलुकहरूको समूहका साथै नेपालका तर्फबाट मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले गाढारूपमा क्षेत्रीय र अन्तरराष्ट्रियस्तरको सहकार्य बढाएमा समृद्धिको गन्तव्य पुग्न यी मुलुकका भूगोल लामो समयसम्म अवरोधक हुन नसक्ने स्पष्ट गर्नुभयो ।

जलवायु परिवर्तन र विपद् जोखिमका खतराका कारण भूपरिवेष्टित मुलुक प्रताडित भएको उल्लेख गर्दै उहाँले डिजिटल अर्थतन्त्रमा अगसर हुँदै समावेशी र अनुकूलन आर्थिक वृद्धिको यात्रामा दृढ सङ्कल्प र



स्पष्ट योजना ल्याउन आवश्यक भएको बताउनुभयो ।

उहाँले बलियो राजनीतिक इच्छाशक्ति, कुनै पनि देशलाई पछाडि नछाड्ने नवीकृत र बलियो विश्वव्यापी साझेदारी, सबै तहमा समन्वयात्मक कार्य गर्न भूपरिवेष्टित मुलुकलाई सुझाव दिनुभयो । “म दृढ विश्वास छ, सही नीति, बलियो ऐक्यबद्धता र समर्थनको साथ यी मुलुकले भूपरिवेष्टितबाट भूजडितमा, पारवहन आश्रितबाट व्यापार प्रतिस्पर्धी र जलवायु जोखिमपूर्णबाट जलवायु अनुकूलनमा रूपान्तरण गर्न उत्कृष्टता प्रदर्शन गर्नेछन् ।”,

उहाँले थप भन्नुभयो, “हामीले संरचनात्मक रूपान्तरण, व्यापार सहजीकरण र क्षेत्रीय एकीकरण, पारवहन, यातायात र कनेक्टिभिटी, जलवायु अनुकूलनका नीति लिएर समानता, समावेशीकरणसहित साझा अवसरको लागि मार्ग समात्नुपर्नेछ ।”

भूगोलकै आधारमा अब कुनै पनि मुलुकको भाग्य निर्धारण हुन नहुने भन्दै उहाँले बलियो साझेदारी, स्मार्ट लगानी र अटल सामूहिक इच्छाशक्तिको साथ आफूहरूले भूपरिवेष्ठितताका सिमितता पार गर्न सकिने प्रधानमन्त्री ओलीको विश्वास छ ।

“विकासको खाडललाई कम गर्न क्षेत्रीय एकता र विश्वव्यापी सहयोग महत्त्वपूर्ण हुन्छ भन्ने विश्वास हामीलाई छ । हामी हाम्रा छिमेकी भारत र चीनसँग मिलेर धेरै क्षेत्रहरूमा कनेक्टिभिटी र सहकार्य बढाउन काम मिलेर गरिरहेका छौँ,”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी विश्वस्त छौँ कि हाम्रा छिमेकी भारत र चीन तथा व्यापक अन्तरराष्ट्रिय समुदायको निरन्तर समर्थनले, हामी भूपरिवेष्ठितताको अवरोधलाई अवसरको प्रवेशद्वारमा रूपान्तरण गर्न सक्नेछौँ ।”

उहाँले भूपरिवेष्टित मुलुकको परिवारको सदस्यका रूपमा सहकार्य गर्न नेपाल तयार रहेको स्पष्ट गर्दै यस रूपान्तरणको लाभग्राही मात्र नभइ एक साझेदारका रूपमा नेपाल रहने बताउनुभयो । उहाँले नेपालले ‘ आवाजा कार्यक्रमको कार्यढाँचा’ लाई समर्थन गर्दै यसलाई ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षालाई जोडर कार्यान्वयन गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

आजदेखि २३ गतेसम्म आयोजना हुने सम्मेलनमा सहभागी मुलुकका राष्ट्र प्रमुख तथा सरकार प्रमुखलाई सम्बोधनको क्रम जारी रहेको छ । सम्मेलनका अवसरमा प्रधानमन्त्री ओलीले विभिन्न देशका प्रतिनिधिमण्डल प्रमुखसँग र संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय संस्थाका उच्चपदस्थ पदाधिकारीसँग भेटवार्ता पनि गर्नुहुनेछ ।रासस

# बागमती प्रदेशको छैटौँ मुख्यमन्त्रीका रूपमा बानियाँ

बागमती । नेपाली कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ । प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले आज संविधानको धारा १६८ को उपधारा (२) बमोजिम उहाँलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

मकवानपुरको तत्कालीन हर्नामाडी गाविस-४ दियावतीमा २०२७ साल भदौमा जन्मिनुभएका बानियाँ बागमती प्रदेशको छैटौँ मुख्यमन्त्रीका रूपमा नियुक्त हुनुभएको छ । यसअघि डोरमणि पौडेल, अष्टलक्ष्मी शाक्य, राजेन्द्र पाण्डे, शालिकराम जम्कट्टेल र बहादुरसिंह लामा तामाङ प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो ।

कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घको राजनीति गर्दै मूल पार्टीको राजनीतिमा होमिनुभएका बानियाँ नेपाली कांग्रेसको बागमती प्रदेशका सभापति हुनुहुन्छ ।

विसं २०४४ मा राजनीतिमा प्रवेश गर्नुभएका बानियाँ २०५१ सालमा नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि चुनिनुभएको थियो ।

विसं २०५२ मा नेपाल विद्यार्थी सङ्घको जिल्ला सहसचिव हुँदै २०५५ सालमा तरुण दलको जिल्ला सचिव र २०५६ सालमा तरुण दलको जिल्ला सभापति हुनुभएको थियो । विसं २०५८ मा कांग्रेस मकवानपुरका जिल्ला कार्यसमिति सदस्य हुनुभएका



बानियाँ २०७३ साल चैत १२ गते नेपाली कांग्रेस मकवानपुरको सभापतिमा निर्वाचित हुनुभएको थियो ।

विसं २०७८ मङ्सिरमा भएको कांग्रेस बागमती प्रदेश अधिवेशनबाट प्रदेश सभापतिमा बानियाँ निर्वाचित हुनुभएको थियो । विसं २०७० को दोस्रो संविधानसभा निर्वाचनमा मकवानपुर क्षेत्र नं १ बाट निर्वाचित ५२ वर्षीय बानियाँ २०७४ सालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री र गृह राज्यमन्त्रीमा नियुक्त भई काम गरिसक्नुभएको छ ।

विसं २०७४ मा मकवानपुर क्षेत्र नम्बर २ (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका बानियाँ सर्वसम्मत कांग्रेस बागमती प्रदेश संसदीय दलको नेता चुनिनुभएको थियो । विसं २०७९ को प्रदेशसभा निर्वाचनमा सोही क्षेत्रबाट निर्वाचित भए पनि उहाँ संसदीय दलका नेतामा बहादुरसिंह लामा तामाङसँग पराजित हुनुभएको थियो ।

यही साउन ९ गते संसदीय दलका नेता लामाविरुद्ध दर्ता भएको अविश्वासको प्रस्ताव पारित भएपछि संसदीय दलको नेताको पद रिक्त भएको थियो । रिक्त दलको नेता चयनका लागि साउन १४ गते भएको निर्वाचनमा २२ मत ल्याएर बानियाँ दलको नेतामा निर्वाचित हुनुभयो । लामाले १४ मत मात्र प्राप्त गर्नुभएका थियो भने एक मत बदर भएको थियो ।

बानियाँ दलको नेतामा निर्वाचित भएपछि पार्टी सभापति शेरबहादुर देउवाको निर्देशनमा मुख्यमन्त्री लामाले पदबाट राजीनामा दिएपछि उहाँ मुख्यमन्त्री नियुक्त हुनुभएको हो । राजनीतिसँगै सफल निर्माण व्यवसायीका रूपमा परिचित बानियाँ राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा एक विश्वासिलो व्यक्तिका रूपमा चिनिनुहुन्छ ।

**बागमती प्रदेशका नवनियुक्त आठ मन्त्रीद्वारा शपथग्रहण**

बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको सिफारिसमा आठ जना मन्त्रीले मंगलबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

मुख्यमन्त्रीमा नियुक्त बानियाँले प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबाट पद तथा गोपनीयताको शपथग्रहण गरेलगत्तै सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का छ जना र कांग्रेसबाट दुई गरी आठ जनालाई मन्त्रीमा नियुक्त गर्नुभएको थियो ।

मुख्यमन्त्री बानियाँको सिफारिसमा एमालेका मधुसुदन पौडेल कृषि तथा पशुपंक्षी विकासमन्त्री, डा दिनेशचन्द्र देवकोटा भौतिक पूर्वाधार विकासमन्त्री, जयराम थापा श्रम रोजगार तथा यातायातमन्त्री, भरतबहादुर केसी वन तथा वातावारणमन्त्री, किरण थापा स्वास्थ्यमन्त्री र विन्दु श्रेष्ठ उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्रीमा नियुक्त हुनुभएको छ ।

यस्तै कांग्रेसबाट कृष्णकुमार तामाङ खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री र शिवराज अधिकारी बिनाविभागीय मन्त्रीमा नियुक्त हुनुभएको छ । नवनियुक्त मन्त्रीहरूलाई आज प्रदेश प्रमुख देवकोटाले पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो । रासस

# राजनीतिक र शासकीय दृष्टिमा सरकार सफलः मुख्यमन्त्री शाह

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो नेतृत्वको सरकार गठनको एकवर्षे कार्यकाल राजनीतिक एवं शासकीय दृष्टिकोणबाट सफल रहेको बताउनुभएको छ ।


सरकार गठनको एक वर्षको अवधिमा भएका उपलब्धि सार्वजनिक गर्न मंगलबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री शाहले एक वर्षको अवधिमा राजनीतिक स्थायित्व प्रत्याभूति गरिएकाले सरकार सञ्चालनका साथै विकासका गतिविधिलाई तीव्रता दिन उपयुक्त र भरपर्दो आधार निर्माण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सरकारले कार्यान्वयनमा ल्याएका योजना कार्यक्रमले जनमानसमा सुशासन र विकासको नयाँ आशा एवं भरोसाको सञ्चार गरेको छ, विगतका कमीकमजोरी सुधार गरी सुशासन र विकासको प्रत्याभूति दिलाउनेतर्फ निर्देशित भएर सरकार क्रियाशील छ ।”

छिमेकी मित्रराष्ट्र भारत सरकारको निमन्त्रणामा आफ्नो नेतृत्वमा भएको औपचारिक भ्रमणका क्रममा भारतका दुई प्रदेशका मुख्यमन्त्रीलगायत उच्च पदाधिकारीसँग भएको भेटवार्ताले दुवै मुलुकका बीच कूटनीतिक, धार्मिक, सांस्कृतिक सम्बन्ध, सहकार्य र समन्वयलाई थप मजबुद बनाएको महसुस भएको मुख्यमन्त्री शाहले बताउनुभयो ।

सो अवसरमा सार्वजनिक गरिएको उपलब्धि विवरणमा एसियाली विकास बैङ्कले प्रदेशको एकीकृत आर्थिक तथा पर्यटन विकासको अध्ययन गरी सोको प्रतिवेदन सरकारलाई हस्तान्तरण गर्नु र उक्त बैङ्कले लगानी तथा विकास सम्मेलन सफल बनाउन सम्मेलन आयोजनामा लागत साझेदारी लगायतको सहयोग उपलब्ध गराउने प्रतिबद्धता गरेको उल्लेख छ ।

एसियाली विकास बैङ्कको प्रतिवेदनमा



उल्लिखित पाँच महत्वपूर्ण परियोजनालाई सुदूरपश्चिममा गर्न लागिएको लगानी तथा विकास सम्मेलन लगानीकर्ताका लागि प्रस्तुत गरिने बताइएको छ ।

यसैगरी, सुदूरपश्चिम प्रदेश साक्षर प्रदेश घोषणा हुनसक्नु, एक वर्षमा १८ ऐननियम निर्देशिका तथा कार्यविधि जारी हुनु, प्रदेशको खर्च गर्ने क्षमतामा वृद्धि गर्दै ७० दशमलव २२ प्रतिशत वित्तीय प्रगति हुनुलाई सरकारले उपलब्धि मानेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको विभिन्न ११ सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कनबाट प्रदेशहरुमध्ये सबैभन्दा बढी ५१ दशमलव ६ प्रतिशत अङ्क प्राप्त गरी सुदूरपश्चिम प्रदेश पहिलो हुनु र चालु वर्षमा स्थानीय तहमा वित्तीय हस्तान्तरणको परिणाम वृद्धि भएको उपलब्धि विवरणमा समेटिएको छ ।

उपलब्धि विवरणमा भौतिक विकासतर्फ थप ३५५ किलोमिटर सडक निर्माण, थप एक हजार ६२८ हेक्टर जग्गामा सिँचाइ सुविधा, थप २७ किमी तटबन्ध निर्माण, २७ हेक्टर जग्गा नदी उकासबाट प्राप्त प्राप्त हुनु, खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजनाअन्तर्गत नेपाल सरकार खानेपानी मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकारबीच लागत साझेदारीमा प्रदेशको कैलाली र डोटीका विभिन्न पालिकामा रु १३ अर्ब ३८ करोड ७० लाख रकम बराबरको आयोजना सञ्चालनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भई आयोजनाको काम प्रारम्भ भएको उल्लेख छ ।

अछामको बयलपाटा अस्पताल, कैलालीको लम्कीचुहा अस्पताल र डडेल्धुराको जोगबुडा प्रादेशिक अस्पतालका रुपमा स्तरोन्नति तथा सञ्चालनको प्रक्रिया अघि बढेको जस्ता गतिविधिलाई पनि उपलब्धिमा समेटिएको छ ।रासस

# मधेसको खानेपानी समस्या समाधान गर्न ठोस योजना बनाइने

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेसको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि यथाशीघ्र ठोस योजना तयार गर्न आवश्यक रहेको बताउनुभएको छ ।

मंगलबार खानेपानी तथा ढल व्यवस्थापन विभागको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठीको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, “तराई-मधेसको खानेपानी समस्याको दीर्घकालीन समाधानको ठोस उपायमा काम गर्न म विभागलाई निर्देशन दिन्छु ।”

खानेपानी, सरसफाइ तथा ढल निकासको क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै खानेपानी मन्त्रालय विकासे मन्त्रालयहरुमध्येमा सबैभन्दा उत्कृष्ट नतिजा ल्याउन सफल भएको उहाँको भनाइ छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठले गत आर्थिक वर्षमा खानेपानी, सरसफाइ तथा ढल निकासको क्षेत्रमा गरेका कार्यहरूको विस्तृत जानकारी दिँदै आगामी दिनमा अझ प्रभावकारी हुनेछ । रासस

# ‘खेलाडीलाई आजीवन मासिक भत्ताको सुरुआत गरेका छौँ’

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलाडीहरूको दुर्घटना बिमा र अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन मासिक भत्ताको व्यवस्थाको सुरुआत गरिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै मन्त्री चौधरीले खेलकुदको दौरानमा हुने दुर्घटनामा खेलाडीको उपचारका लागि खेलाडी दुर्घटना बिमा पनि लागू भइसकेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “आर्थिक वर्ष २०८२/८३ देखि खेलाडी तथा प्रशिक्षकको जीवन बिमा र स्वास्थ्य बिमा लागू गर्ने योजना रहेको छ, साथै अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी र उनीहरुका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्ति वितरण गर्ने योजना छ ।”

मन्त्री चौधरीले खेल पूर्वाधार निर्माणका लागि विगत वर्षदेखि बजेट विनियोजन गरिएको छ । राष्ट्रपति रनिङ शिल्डलगायत खेल प्रतियोगिता सञ्चालन हुँदै आएका र स्थानीय तहदेखि केन्द्रसम्म तथा राष्ट्रिय खेलकुद परिषद् र राष्ट्रिय खेल सङ्घमार्फत ग्रामीण तहका खेलाडी समेतलाई समेट्ने गरी प्रशिक्षण दिने कार्यक्रम सञ्चालन हुँदै आएका उहाँले बताउनुभयो ।

“युवालाई राष्ट्रको आर्थिक र सामाजिक समृद्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउन राष्ट्रिय युवा नीति-२०७२ लाई प्रतिस्थापन गरी राष्ट्रिय युवा नीति-२०८२ स्वीकृतिको अन्तिम चरणमा छ,



यस नीतिअनुरुप युवालाई उद्यमशीलता तथा रोजगारीमा प्रोत्साहन गर्ने, सामाजिक कार्यमा स्वयंसेवकीय कार्य गर्न अभिप्रेरित गर्ने, सामाजिक कुरीति एवम् विसङ्गतिविरुद्ध जनचेतना फैलाउने कार्यमा परिचालन गर्ने योजना छ”, मन्त्री चौधरीले भन्नुभयो ।

ती योजना कार्यान्वयन गर्न सबै प्रदेशमा युवालाई सीपमेला र रोजगारमूलक सीप विकास तालिम सञ्चालन गर्ने, ब्याज अनुदानसहित कर्जा लगानी गरेर १० हजार युवालाई स्वरोजगार बनाउने र युवाको क्षेत्रमा कार्यरत सङ्घसंस्था एवं युवा सञ्जालको साझेदारीमा सामाजिक जागरणका कार्यक्रम सञ्चालन गर्ने मन्त्री चौधरीको भनाइ थियो । उहाँले राष्ट्रिय युवा परिषद्बाट उद्यमशीलता प्रवर्द्धन सम्मेलन, रोजगारीका लागि सीपमूलक तालिम, वित्तीय साक्षरता, स्वयंसेवा परिचालन, जस्ता कार्यक्रमबाट युवा नेतृत्व विकास स्वरोजगार उद्यमशीलता जस्ता पक्षमा जोड दिइनुका साथै युवालाई मुलुकभित्र रही पेसा-व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्दै आइरहेको पनि बताउनुभयो ।

मन्त्री चौधरीले भन्नुभयो, “नियमित रूपमा विषयगत समितिको बैठक गरी सङ्घ, प्रदेश र स्थानीय तहसँग मिलेर काम गर्ने गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्बाट खेल वर्गीकरण, खेल पूर्वाधार हस्तान्तरण, कर्मचारी समायोजनलगायतका विषय विधेयकमा समावेश गरिएको छ, साथै राष्ट्रिय युवा परिषद् को नयाँ ऐन तर्जुमा गर्ने कार्य अगाडि बढाइनुका साथै तीनै तहका अधिकार र कार्यमा समन्वय तथा सहकार्य गरिने विषय उल्लेख छ ।”

नेपाल स्काउटको सन्दर्भमा नयाँ ऐन तर्जुमा गर्ने कार्य अगाडि बढाइएको र मन्त्रिपरिषद्मा सिद्धान्त स्वीकृतका लागि पेस गरिएको छ । रासस

## डेल्टाको मृत्यु:
# पाकिस्तानको सिन्धु डुब्दै र सङ्कुचित हुँदै

एएफपी

खारो चान ।हबिबुल्लाह खट्टीले आफ्नो सुक्खा टापु गाउँ त्याग्नुअघि आमाको चिहानमा अन्तिम बिदाइ भन्न जाँदा उहाँका खुट्टामुनि नुनका तहहरू चर्किरहेका छन् ।देशको दक्षिणमा सिन्धु नदी अरब सागरसँग मिल्ने डेल्टामा समुद्री पानीको प्रवेशले कृषि र माछा मार्ने समुदायहरूको पतन निम्त्याएको छ।"नुनिलो पानीले हामीलाई चारैतिरबाट घेरेको छ", खट्टीले खारो चान सहरको अब्दुल्लाह मिरबहार गाउँबाट भन्नुभयो। उक्त गाउँबाट नदी समुद्रमा खस्छ।

माछाको भण्डार घटेपछि ५४ वर्षीय खट्टीले दर्जीको काम सुरु गर्नुभयो, तर एक सय ५० घरपरिवारमध्ये केवल चार मात्र बाँकी रहेपछि त्यो पनि असम्भव भयो ।"साँझमा, एक भयानक मौनताले यस क्षेत्रलाई ओगटेको छ", उजाड काठ र बाँसका घरहरूमा बेवारिसे कुकुरहरू घुमिरहेका बेला उहाँले भन्नुभयो। खारो चान कुनै समय लगभग ४० वटा गाउँ मिलेर बनेको थियो, तर अधिकांश गाउँ बढ्दो समुद्री पानीमुनि हराएका छन्। जनगणनाको तथ्याङ्कअनुसार सहरको जनसङ्ख्या सन् १९८१ मा २६ हजारबाट घटेर सन् २०२३ मा ११ हजारमा झरेको छ।



खट्टीले आफ्नो परिवारलाई पाकिस्तानको सबैभन्दा ठूलो सहर र सिन्धु डेल्टासहित आर्थिक आप्रवासीहरूले भरिएको नजिकैको कराचीमा सार्ने तयारी गरिरहनुभएको छ ।माछापालन समुदायहरूका लागि वकालत गर्ने पाकिस्तान फिसरफोक फोरमले डेल्टाका तटीय जिल्लाहरूबाट दर्शौं हजार मानिस विस्थापित भएको अनुमान गरेको छ ।यद्यपि जिन्ना संस्थानले मार्चमा प्रकाशित गरेको एक अध्ययन अनुसार, विगत दुई दशकमा समग्र सिन्धु डेल्टा क्षेत्रबाट १२ लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। जिन्ना संस्थान एक पूर्व जलवायु परिवर्तन मन्त्रीको नेतृत्वमा रहेको थिङ्क ट्याङ्क हो।

अमेरिका-पाकिस्तान सेन्टर फर एडभान्स्ड स्टडिज इन वाटरको सन् २०१८ को अध्ययनअनुसार सिँचाइ नहरहरू, जलविद्युत् बाँधहरू र हिमनदी तथा हिउँ पग्लनमा जलवायु परिवर्तनका प्रभावहरूका कारण सन् १९५० को दशकदेखि डेल्टामा पानीको तलतिरको प्रवाह ८० प्रतिशतले घटेको छ ।यसले विनाशकारी समुद्री पानी प्रवेश निम्त्याएको छ। सन् १९९० देखि पानीको नुनिलोपन करिब ७० प्रतिशतले बढेको छ, जसले बाली खेती गर्न असम्भव बनाएको छ र झिँगा र गँगटाको जनसङ्ख्यालाई गम्भीर रूपमा असर गरेको छ ।"डेल्टा डुब्दै र सङ्कुचित हुँदै गइरहेको छ", स्थानीय डब्लुडब्लुएफ संरक्षणवादी मुहम्मद अली अञ्जुमले भन्नुभयो।

### अर्को विकल्प छैन

तिब्बतबाट सुरु भएर सिन्धु नदी पाकिस्तानको सम्पूर्ण लम्बाइ पार गर्नुअघि विवादित काश्मीर हुँदै बग्छ ।यो नदी र यसका सहायक नदीहरूले देशको करिब ८० प्रतिशत कृषि भूमिमा सिँचाइ गर्छन् र लाखौं मानिसको जीविकोपार्जनलाई सहयोग गर्छन्। समुद्रसँग मिल्दा नदीले जम्मा गरेको समृद्ध तलछटले बनेको डेल्टा कुनै समय खेती, माछा मार्ने, म्यानग्रोभ र वन्यजन्तुहरूका लागि आदर्श थियो।

तर सन् २०१९ मा गरिएको सरकारी जल एजेन्सीको अध्ययनले समुद्री पानी अतिक्रमणका कारण १६ प्रतिशतभन्दा बढी उर्वर भूमि अनुत्पादक भएको देखाएको छ ।पानीको किनारबाट भित्री भागमा फैलिएको केती बन्दर सहरमा नुनका क्रिस्टलको सेतो तहले जमिनलाई ढाकेको छ। डुङ्गाहरूले माइलौं टाढाबाट पिउने पानी बोक्छन् र गाउँलेहरूले यसलाई गधाहरूमार्फत घर पुर्‍याउँछन् ।"कसले आफ्नो मातृभूमि स्वेच्छाले छोड्छ ?", हाजी करम जाटले भन्नुभयो। उहाँको घर बढ्दो पानीको सतहले निलेको थियो ।थप परिवारहरू आफूसँग सामेल हुने अपेक्षामा उहाँले भित्री भागमा पुनः निर्माण गर्नुभयो। "व्यक्तिले आफ्नो मातृभूमि तब मात्र छोड्छ जब उसको अर्को विकल्प हुँदैन", उहाँले भन्नुभयो।

### जीवन शैली

ब्रिटिस औपनिवेशिक शासकहरू सिन्धु नदीको मार्गलाई नहर र बाँधहरूद्वारा परिवर्तन गर्ने पहिलो थिए। त्यसपछि हालै दर्जनौं जलविद्युत् परियोजनाहरू छन् ।यस वर्षको सुरुमा सिन्ध प्रान्तको तल्लो नदी क्षेत्रमा किसानहरूले विरोध गरेपछि सिन्धु नदीमा धेरै सैन्य नेतृत्वको नहर परियोजनाहरू रोकिएका थिए।

सिन्धु नदी बेसिनको ह्राससँग लड्न सरकार र संयुक्त राष्ट्रसङ्घले सन् २०२१ मा 'लिभिङ सिन्धु इनिसिएटिभ' सुरु गरेका थिए ।एउटा हस्तक्षेप माटोको नुनिलोपनलाई सम्बोधन गरेर र स्थानीय कृषि र पारिस्थितिक प्रणालीको संरक्षण गरेर डेल्टाको पुनःस्थापनामा केन्द्रित छ ।सिन्ध सरकारले हाल नुनिलो पानीको प्रवेश विरुद्ध प्राकृतिक अवरोधका रूपमा काम गर्ने वनहरूलाई पुनर्जीवित गर्ने उद्देश्यले आफ्नै म्यानग्रोभ पुनःस्थापना परियोजना चलाइरहेको छ।

समुद्री तटका केही भागमा म्यानग्रोभहरू पुनःस्थापित भए पनि, जग्गा कब्जा र आवासीय विकास परियोजनाहरूले अन्य क्षेत्रहरूमा सफाइलाई बढावा दिइरहेका छन् ।यसैबीच सिन्धु बेसिन नदीहरूमा नियन्त्रण विभाजन गर्ने पाकिस्तानसँगको सन् १९६० को जल सन्धि खारेज गरेपछि छिमेकी भारतले नदी र यसको डेल्टाका लागि खतरा खडा गरेको छ ।भारतले पाकिस्तानमा पानीको प्रवाहलाई दबाउँदै सन्धिको पुनःस्थापना कहिल्यै नगर्ने र माथिल्लो भागमा बाँध निर्माण गर्ने धम्की दिएको छ। पाकिस्तानले यसलाई 'युद्धको कार्य' भनेको छ।

आफ्ना घरहरूसँगै समुदायहरूले डेल्टामा कसिएको जीवन शैली गुमाएको पाकिस्तान फिसरफोक फोरमसँग काम गर्ने जलवायु कार्यकर्ता फातिमा मजीदले भन्नुभयो ।विशेषगरी पुस्तौंदेखि जाल सिलाइ र दिनभरिको माछा प्याकिङ गर्दै आएका महिलाहरूले सहरहरूमा बसाइँ सरेपछि काम खोज्न सङ्घर्ष गर्नुपरेको मजीदले बताउनुभयो। उहाँका हजुरबुवाले परिवारलाई खारो चानबाट कराचीको बाहिरी क्षेत्रमा स्थानान्तरण गराउनुभएको थियो ।"हामीले केवल आफ्नो जमिन मात्र गुमाएका छैनौं, हामीले आफ्नो संस्कृति गुमाएका छौं", उहाँले भन्नुभयो।

# श्रीलङ्का : बदनाम प्रहरी प्रमुखको महाभियोगमा बहस गर्दै

एएफपी

कोलम्बो ।श्रीलङ्काको संसद्ले मङ्गलबार दुर्व्यवहार र आपराधिक व्यवहारका लागि प्रहरी प्रमुख देशबन्धु तेन्नाकोनलाई बर्खास्त गर्ने प्रस्तावमा बहस गरिरहेको छ। यो पहिलो पटक कुनै प्रहरी महानिरीक्षकले महाभियोगको सामना गरिरहेको हो।

चौवन्न वर्षीय तेन्नाकोन मुलुकको इतिहासमा बर्खास्त हुने पहिलो प्रहरी प्रमुख बन्नुहुनेछ।

अनुशासनात्मक सुनुवाइले उहाँलाई ८५ हजार बलियो कानून प्रवर्तन बलको नेतृत्व गर्न अयोग्य ठहर गरेको छ।"यो संसदले... प्रहरी महानिरीक्षक श्री देशबन्धु तेन्नाकुनलाई छानबिन समितिले दोषी ठहर गरेको निष्कर्षका आधारमा... आइजिपीको पदबाट हटाउने निर्णय गर्छ", मङ्गलबारको कार्यसूचीमा सूचीबद्ध प्रस्तावमा उल्लेख छ।

अधिकारीहरूले दुई सय २५ सदस्यीय संसद्मा बहसपछि मङ्गलबार पछि मतदान गरिने बताएका छन्। संसद्मा सत्तारूढ दलको सहज दुई-तिहाइ बहुमत छ। विपक्षीले पनि महाभियोगलाई समर्थन गरेको छ ।श्रीलङ्काको सर्वोच्च अदालतले हिरासतमा रहेका एक संदिग्धलाई उनको गुप्ताङ्गमा मेन्थल बाम लगाएर यातना दिएको फैसला गरेको भए तापनि तेन्नाकोनलाई सन् २०२३ नोभेम्बरमा प्रहरी प्रमुख नियुक्त गरिएको थियो।



उहाँमाथि सन् २०२३ डिसेम्बरमा एक असफल छापा मार्ने अधिकार दिएको आरोप पनि लगाइएको छ।

उक्त छापाले तटीय रिसोर्ट सहर वेलिगामामा प्रतिद्वन्द्वी प्रहरी एकाइहरू बीच बन्दुक युद्ध सुरु भएको थियो र युद्धमा एक अधिकारीको मृत्यु भएको थियो ।तेन्नाकुन विरुद्धको आरोपहरूको अनुसन्धान गर्ने समितिले उहाँले डब्लु१५ होटलमा 'शङ्कास्पद गोली हानाहानको अवैध कार्यको नेतृत्व गरेको' पत्ता लगाएको थियो।

होटलका मालिकलाई धम्की दिन तेन्नाकुनले पठाएको टोलीमाथि स्थानीय प्रहरी युनिटले गोली चलाएको थियो।

राज्यका अभियोजकले समितिलाई प्रहरी प्रमुखले 'आपराधिक नेटवर्क' चलाइरहेको र प्रहरी बलको सबैभन्दा तल्लो तहमा समेत सेवा गर्न अयोग्य रहेको बताए।

# युक्रेनका लागि अमेरिकी हतियार खरिद गर्ने



एएफपी

द हेग। अमेरिकी भण्डारहरूबाट डेलिभरी छिटो बनाउने नयाँ योजनाअन्तर्गत पूर्ण प्याकेज फन्ड गर्ने पहिलो नाटो सदस्य बन्दै नेदरल्यान्ड्सले युक्रेनका लागि ५० करोड युरो (५७ करोड ७० लाख डलर) को अमेरिकी हतियारहरू खरिद गर्ने रक्षा मन्त्रालयले बताएको छ।

यो खरिद गत महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र नाटो महासचिव मार्क रुटले सुरु गरेको प्राथमिकता युक्रेन आवश्यकता सूची (पियुआरएल) संयन्त्र अन्तर्गत हुनेछ।यो योजना अन्तर्गत, देशहरूले अमेरिकी गोदामहरूमा रक्षा प्रणाली र हतियारहरूका लागि वासिङ्टनलाई भुक्तानी गर्नेछन् जुन त्यसपछि युक्रेनमा पठाइन्छ। सन् २०२२ फेब्रुअरीदेखि युक्रेन रूसी आक्रमणसँग लडिरहेको छ।

"नेदरल्यान्ड्सले अब अमेरिकी भण्डारबाट सैन्य उपकरण आपूर्ति गर्न नेतृत्व लिइरहेको छ", डच रक्षामन्त्री रुबेन ब्रेकलमन्सले एक्समा भन्नुभयो, "दृढ सङ्कल्पका साथ युक्रेनलाई समर्थन गरेर हामी रूसमाथि वार्ता गर्न दबाब बढाइरहेका छौं।"युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सोमबार साँझ नेदरल्यान्ड्सका प्रधानमन्त्री डिक स्कुफलाई फोन गरेर धन्यवाद दिनुभएको छ।

"यी हतियारहरूको अत्यन्तै आवश्यकता छ", रुसले गरेको लगभग दैनिक ड्रोन र मिसाइल आक्रमणहरूमाथि प्रकाश पार्दै स्कुफले एक्समा पोस्ट गर्नुभयो ।रक्षा मन्त्रालयका अनुसार डच प्याकेजमा अमेरिकी प्याट्रियट मिसाइलका पार्टपुर्जाहरू र युक्रेनको अग्रपङ्क्तिको आवश्यकताहरू अनुकूल अन्य प्रणालीहरू समावेश छन् ।ब्रेकलमन्सले रुसी हवाई आक्रमणलाई 'विशुद्ध आतङ्क' भन्नुभएको छ र युक्रेनी क्षेत्रमा मस्कोको प्रवेशले युरोपका लागि व्यापक खतरा निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ।

"रुसले युक्रेनमा जति प्रभुत्व जमाउँछ, नेदरल्यान्ड्स र हाम्रा नाटो सहयोगीहरूका लागि त्यति नै ठूलो खतरा हुन्छ", उहाँले भन्नुभयो। वासिङ्टनले युक्रेनका लागि पियुआरएल संयन्त्रअन्तर्गत ५० करोड डलरको सैन्य सहयोग जारी गरिरहेको छ।

अन्य सहयोगीहरूले यो पहलमा सामेल हुने वाचा गरे पनि नेदरल्यान्ड्स रकम स्थानान्तरण गर्ने पहिलो देश हो ।यसले पहिले नै युक्रेनमा एफ-१६ प्रशिक्षण र डेलिभरीका लागि ट्याङ्क, ड्रोन, गोला बारुद र सहयोगको प्रतिज्ञा गरिसकेको छ ।नाटोका महासचिव मार्क रुटले यस कदमको स्वागत गर्दै।

# बङ्गलादेश : युनुसद्वारा क्रान्तिको वार्षिकोत्सवमा सुधारका लागि आह्वान

एएफपी

ढाका। बङ्गलादेशका अन्तरिम नेता मुहम्मद युनुसले मङ्गलबार मानिसहरूलाई सुधारको 'अवसर' लिन आह्वान गर्दै शेख हसिनाको निरङ्कुश शासनको पतन भएको एक वर्षको वार्षिकोत्सव मनाउनुभएको छ ।तर चुनाव नभएसम्म कार्यवाहक सरकारको मुख्य सल्लाहकारका रूपमा नेतृत्व गरिरहनुभएका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता युनुसले प्राप्त उपलब्धिहरूलाई पछाडि धकेल्न खोज्नेहरूविरुद्ध पनि चेतावनी दिनुभयो।

"आज बङ्गलादेशको इतिहासमा एक अविस्मरणीय अध्याय हो", 'लामो समयदेखिको फासीवादी शासनको पकडबाट हाम्रो प्रिय राष्ट्रलाई मुक्त गरेको दिन' लाई अङ्कित गर्दै उहाँले भन्नुभयो ।युनुसले साँझ संसद् भवन बाहिर आशा गरिएका भीडलाई सम्बोधन गर्नुहुनेछ। त्यहाँ उहाँले मुख्य राजनीतिक दलका नेताहरूसँगै 'घोषणापत्र' जारी गर्ने तालिका छ।

करिब १७ करोड जनसङ्ख्या भएको दक्षिण एसियाली यो राष्ट्र विद्यार्थी नेतृत्वको विद्रोहले सन् २०२४ अगस्ट ५ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको १५ वर्षको शासनलाई अन्त्य गरेदेखि राजनीतिक उथलपुथलमा परेको छ। वार्षिकोत्सव सार्वजनिक बिदा हो र छिटपुट राजनीतिक र्‍यालीहरू बाहेक राजधानी ढाकाका सडकहरू शान्त थिए।



सक्ने सामान्य बङ्गलादेशीहरूले आराम गर्ने अवसर लिए भने अरूले कामको दैनिक काम जारी राखे।"मजदुर वर्गका मानिसहरूले ठूलो सङ्ख्यामा आफ्नो जीवन बलिदान गरे र त्यसपछि आफ्नो नियमित काममा फर्किए", सडकको छेउमा चिया पसल चलाउने ४० वर्षीय रफिकुल इस्लाम हेलालले भन्नुभयो, "राजनीतिले हामीलाई बिल तिर्न मद्दत गर्दैन, त्यसैले हामीले कुनै कार्यक्रममा भाग लिएनौं।"

### एकजुट भएर उभिऔं

हसिनाको शासनमा व्यापक मानवअधिकार हनन देखियो। उहाँको शासनमा उहाँका राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्याहरू समावेश थिए र युनुसले लोकतान्त्रिक संस्थाहरूलाई सुधार गर्ने वाचा गर्नुभएको छ।

"हजारौंको बलिदानले हामीलाई राष्ट्रिय सुधारको यो दुर्लभ अवसर उपहार दिएको छ र हामीले यसलाई जुनसुकै मूल्यमा संरक्षण गर्नुपर्छ", युनुसले वार्षिकोत्सव मनाउन जारी गरिएको पत्रमा भन्नुभयो, "पतित तानाशाहहरू र तिनीहरूका स्वार्थी सहयोगीहरू सक्रिय छन्, हाम्रो प्रगतिलाई पटरीबाट हटाउन षड्यन्त्र गरिरहेका छन्।" तर उहाँले अन्तरिम सरकारले 'व्यापक सुधार प्रयासहरू' गरे पनि अधिनायकवादी शासनको फिर्तीलाई रोक्ने उपायहरूमा सम्झौता अझै पनि पहुँचबाहिर रहेको बताउनुभयो ।सन् २०२६ को प्रारम्भमा तोकिएको चुनावअघि राजनीतिक दलहरूले सत्ताका लागि सङ्घर्ष गर्दा प्रयासहरूले ढिलो प्रगति गरेको छ।

"राजनीतिक र चुनावी प्रणाली सहित आवश्यक सुधारहरूमा राजनीतिक दलहरू र सरोकारवालाहरूसँग संवाद जारी छ", उहाँले भन्नुभयो ।उहाँले मानिसहरूलाई गत वर्षका बलिदानहरू सम्झन र सँगै काम गर्न आह्वान गर्नुभयो ।"हामी यी खतराहरूको सामना गर्न र पराजित गर्न सबै विभाजनभन्दा बाहिर एकजुट भएर उभिऔं", उहाँले भन्नुभयो, "सँगै मिलेर, हामी यस्तो बङ्गलादेश निर्माण गर्नेछौं जहाँ अत्याचार फेरि कहिल्यै उठ्न पाउनेछैन।"

विश्वविद्यालयका विद्यार्थीहरूले सार्वजनिक क्षेत्रको जागिरका लागि कोटा प्रणालीमा सुधारको आह्वान गर्दै सन् २०२४ जुलाई १ मा विरोध प्रदर्शन सुरु भएको थियो ।सन् २०२४ अगस्ट ५ मा विरोध प्रदर्शन चरम अवस्थामा पुगेपछि हजारौं प्रदर्शनकारीहरूले हसिनाको दरबारमा आक्रमण गरे र उहाँ हेलिकप्टरबाट भाग्नुभयो ।सतहत्तर वर्षीया हसिना भारतमा हुनुहुन्छ। उहाँले मानवता विरुद्धको अपराधको आरोपमा चलिरहेको मुद्दामा उपस्थित हुन अदालतको आदेशको अवज्ञा गरिरहनुभएको छ।

# उत्तराखण्डमा भीषण वर्षा र बाढी: ४ जनाको मृत्यु, ५० भन्दा बढी बेपत्ता

सिन्ह्वा

नयाँ दिल्ली। भारतको उत्तराखण्ड राज्यको उत्तरकाशी जिल्लामा मंगलबार राति परेको अत्यधिक वर्षा पश्चात् आएको बाढी र पहिरोका कारण कम्तीमा ४ जनाको ज्यान गएको छ भने ५० भन्दा बढी मानिसहरू बेपत्ता भएका छन्।



स्थानीय प्रशासनका अनुसार अकस्मात् आएको भारी वर्षाले साना खोला तथा नालाहरूमा बाढी आएको थियो, जसले पहाडी क्षेत्रमा ठूला पहिरो निम्त्यायो।

धेरै घरहरू बगाइसकिएको जनाइएको छ र कैयौं मानिस माटो तथा भग्नावशेषमा पुरिएको आशंका गरिएको छ।टेलिभिजन फुटेजमा हिलो र पानीको तीव्र बहावले बस्तीहरूमा ठूलो विनाश गरिरहेको देखिएको छ। हालसम्म उद्धार तथा राहत टोलीहरू घटनास्थलमा परिचालित भइसकेका छन् र खोज तथा उद्धार कार्य तीव्र रूपमा जारी रहेको छ।

प्रभावित क्षेत्रहरूमा आकस्मिक स्वास्थ्य शिविरहरू सञ्चालनमा ल्याइएका छन् भने खाद्यान्न, लत्ताकपडा र आवश्यक राहत सामग्रीहरू वितरण गर्ने काम भइरहेको छ। स्थानीय बासिन्दाहरूलाई सुरक्षित स्थानमा सार्ने प्रक्रिया पनि तीव्र पारिएको छ।

प्रशासनले आगामी दिनमा अझ भारी वर्षा हुनसक्ने चेतावनी दिँदै नागरिकहरूलाई सतर्क रहन आग्रह गरेको छ। छापूरै क्षतिको मूल्याङ्कन भइरहेको छ र थप विवरणहरू क्रमशः सार्वजनिक गरिने जनाइएको छ।

# अदालतको आदेश उल्लङ्घन गरेको आरोपमा नजरबन्दको आदेश

क्युएनए

ब्रासिलिया। ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीशले पूर्वराष्ट्रपति जायर बोल्सोनारोलाई सामाजिक सञ्जालमा कुनै पनि बयान दिन प्रतिबन्ध लगाएको अघिल्लो न्यायिक आदेश उल्लङ्घन गरेपछि नजरबन्दमा राख्न आदेश दिएका छन् ।यो आदेश चलिरहेको कानूनी कार्यवाहीको एक भागका रूपमा आएको छ जसमा बोल्सोनारोमाथि सन् २०२२ को राष्ट्रपति चुनावको नतिजा उल्ट्याउने षड्यन्त्र गरेको आरोप लगाइएको छ।



अदालतको कागजातअनुसार न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले न्यायिक प्रतिबन्धहरूको पालना गर्न बारम्बार र जानाजानी असफलता भएको निर्णयको कारण बताउनुभयो। उहाँले बोल्सोनारोले आइतबार राष्ट्रव्यापी विरोध प्रदर्शनका क्रममा आफ्ना समर्थकहरूले पुनः पोस्ट गरेको सामग्रीमार्फत फेरि आफ्नो प्रतिबन्धको सर्तहरू उल्लङ्घन गर्नुभएको बताउनुभयो ।सत्तरी वर्षीय पूर्वराष्ट्रपति पहिले नै इलेक्ट्रोनिक एङ्कल ब्रेसलेट लगाउन, रात र सप्ताहन्तमा घरमै बस्न र सामाजिक मिडिया प्लेटफर्महरू प्रयोग गर्न वा कुराकानी गर्न पूर्ण प्रतिबन्धसहित कडा सर्तहरूमा हुनुहुन्छ।

बोल्सोनारोले आफ्नो चुनावी पराजयपछि राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाको सपथ ग्रहण समारोह अवरुद्ध गर्ने प्रयाससँग सम्बन्धित आरोपहरूको सामना गरिरहनुभएको छ। यी आरोपले लामो जेल सजाय दिन सक्छ। उहाँको मुद्दा आगामी हप्ताहरूमा समाप्त हुने अपेक्षा गरिएको छ।

यसैबीच, बोल्सोनारोका हजारौं समर्थक दुई दिनअघि सन् २०२३ जनवरी ८ मा सरकारी भवनहरूमा भएको आक्रमणको अभियोग खेपिरहेकाहरुलाई माफी दिन माग गर्दै साओ पाउलो र रियो डि जेनेरियोमा भेला भएका थिए।

# कागतीले उचित बजार नपाउँदा मारमा किसान



झापा । धानखेत मासेर छ वर्षअघि देखि कागतीखेती गरिरहनुभएका गौरादह नगरपालिका-४ का नवीन आचार्य बजारको समस्याले चिन्तित हुनुहुन्छ ।

आचार्यले १४ कट्ठा क्षेत्रफलमा सुन कागतीको बोट हुर्काउनु भएको छ । कागतीको बोटले मनग्य उत्पादन दिए तापनि बजारमा बिक्री गर्न मुस्किल हुन थालेपछि उहाँजस्तै जिल्लाका अधिकांश कागती किसान खेती बदल्ने कि निरन्तरता दिने भन्ने दोधारमा छन् ।

भारतबाट भित्रिने सस्ता कागतीले बजार कब्जा गरेपछि स्वदेशी कागतीले मूल्यमा प्रतिस्पर्धा गर्न नसकेको आचार्यले बताउनुभयो । "ठूलो लगानी र मेहनत गरेर किसानले कागती फलाउनु भएको छ," उहाँ भन्नुहुन्छ, "बजार लग्यो बिक्री हुँदैन । भारतबाट भित्रिएका कागतीले बजार पूरै कब्जा गरेको छ । घाटा खाएर बेच्नु पर्दा बित्थामा कागतीखेती गरिएछ जस्तो लाग्न थालेको छ ।"

कागतीमा आत्मनिर्भर बन्ने अभियानमा जिल्लाका सहकारी संस्था, कृषि ज्ञान केन्द्र र स्थानीय तहले केही वर्षयता किसानलाई कागतीखेतीतर्फ प्रोत्साहित गरिरहेका छन् । तर उत्पादन बढेसँगै त्यसको बजार सुनिश्चित गर्नेतर्फ सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

पाकेको कागतीको फल बिक्री हुन नसक्दा त्यसको अचार, चुक अमिलोलगायतका सहउत्पादनलाई बढाउनेतर्फ ध्यान जान सके बजारको समस्या समाधान हुने आचार्य बताउनुहुन्छ ।

न्यूनतम समर्थन मूल्य तोकेरे बिक्री नभएका कागती स्थानीय तहहरुले किनिदिने व्यवस्था हुन सके किसानहरुमा उत्साह थपिने उहाँको सुझाव छ ।

विगतमा चिया बगान मासेर व्यावसायिक कागतीखेती गर्दै आउनुभएका विर्तामोड नगरपालिका-६ का कमलराज विमलीले भारतबाट सस्तो मूल्यमा भित्रिने कागतीले यहाँको बजारलाई खर्लप्पै खाएको बताउनुभयो ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर बिष्टले कागतीको बजार उत्साहजनक नहुँदा किसानहरु निराश बन्न थालेको स्वीकार गर्दै समाधानका उपाय खोज्ने बेला आएको बताउनुभयो । झापामा ३१० हेक्टर क्षेत्रफलमा कागतीखेती हुँदै आएकामा हाल खेती घटेर २७० हेक्टरमा झरेको छ ।

कागतीखेतीका लागि झापा उर्वर भूमि रहेको जनाउँदै उहाँले स्थानीय खपतले मात्र स्वदेशी कागतीको बिक्री धान्न नसक्ने बताउनुभयो । विगतमा बोटबाटै टिपेर राम्रो भाउमा कागती किनेर लैजाने व्यापारीहरु अहिले आउन छाडेको किसानहरु बताउँछन् । भारतबाट भित्रिने सस्तो कागतीतिर स्थानीय व्यापारीहरु आकर्षित भएपछि किसानहरु साना सवारीसाधनमा गाउँ र सहरका गल्ली चहारेर पोकापोकामा कागती बेच्न प्रयास गरिरहेका छन् ।

अर्जुनधारा नगरपालिका-३ बाट सिटी रिक्सामा कागती बेच्दै धुलाबारी आइपुग्नुभएका कुशल थापाले दिनभरि तातो घाममा डुल्दा दश किलो कागती बिक्री भएको बताउनुभयो । "हात्ती र बाँदरले बिगार नगर्ने बाली भनेर जङ्गल छेउछाउका बासिन्दालाई अन्नखेती मासेर कागतीखेती गर्न लगाइयो," उहाँले भन्नुभयो, "अहिले आएर बिक्री हुन छाड्यो । फलेका कागती बोटमै कुहेर गयो भने किसान कसरी बाँच्ने ?"

जिल्लाको मेचीनगर, बुद्धशान्ति, अर्जुनधारा, गौरादहलगायतका स्थानीय तहमा किसानले घरैपिच्छे कागतीखेती गरेका छन् भने ठूलो क्षेत्रफलमा खेती गर्नेहरु बढेका छन् । खेती विस्तारसँगै बजारीकरणको सकस बढ्दै गएको छ ।

सरकारले कागतीखेतीलाई प्रोत्साहित गर्ने नीति ल्याएपछि किसानले धान खेत मासेर कागतीका बिरुवा रोपेका थिए । कागतीखेतीमा होमिएका किसानले बिरुवा, मल र सीप पाए पनि उचित बजारको व्यवस्था सरकारले गर्न नसकेको गुनासो गर्दै आएका छन् ।

जिल्लामा कम्तीमा ३५० किसानले कागतीको व्यावसायिक खेती गर्दै आएका छन् । केही सहकारी संस्थाले आफैं र आफ्ना सदस्यलाई यस खेतीमा लगाएका छन् । यहाँ सुन-१, सुन-२, मद्रासी, युरिका र एनपिआरपी-५५ जातको कागतीखेती हुँदै आएको छ । कागतीको उत्पादन बढेपछि यसलाई कच्चापदार्थका रुपमा प्रयोग गर्ने अचार र जुसलगायत ठूला उद्योगहरू स्थापना नहुँदा किसानले सोचेजस्तो आम्दानी लिन सकेका छैनन् ।

धान र अरू खेतीमा जस्तो खर्च ज्यादा नहुने भएकाले कागती सहज रुपमा बिक्री हुने वातावरण बन्ने हो भने फाइदा हुने कृषि ज्ञान केन्द्रका प्रमुख विष्टको बताउनुहुन्छ । उहाँका अनुसार जमिनको सतहबाट दुई मिटरसम्म चट्टान नभएको, पानी नजम्ने, प्रशस्त प्राङ्गारिक पदार्थ भएको पिएच ५.५देखि ६.५सम्म भएको दोमट माटो कागतीखेतीका लागि उपयुक्त मानिन्छ ।रासस

# हिन्दू र बौद्धधर्मको पवित्रस्थल गोसाइँस्थान



काभ्रेपलाञ्चोक । महत्त्वपूर्ण धार्मिकस्थल मानिएको रसुवाको गोसाइँकुण्ड तीर्थाटनसँग जोडिएको काभ्रेको बनेपास्थित गोसाइँस्थानलाई मानिन्छ । गोसाइँकुण्डको महत्व जोडिएका कारण पनि गोसाइँस्थानलाई धार्मिक दृष्टिकोणले निकै महत्त्वपूर्ण स्थलका रूपमा लिइएको कथनले देखाएको हो ।

गोसाइँस्थानमा साउन शुक्ल पूर्णिमाका दिन अर्थात् जनैपूर्णिमा तथा रक्षाबन्धनका अवसरमा भव्य मेला लाग्ने गर्दछ । गोसाइँस्थानमा जिल्ला तथा छिमेकका विभिन्न जिल्लाबाट आएकाले अघिल्लो दिनदेखि नै जात्रामा सामेल हुने तयारी गर्छन् । विशेषगरी मेलाको दिन बिहानदेखि नै भक्तजनको ठूलो घुइँचो लाग्ने गर्छ ।

बनेपा-६ स्थित गोसाइँस्थानमा बर्सेनि जनैधारण गर्ने तथा शिव मन्दिरमा दर्शन तथा पूजाअर्चना गर्न दर्शनार्थीको भीडभाड हुने गर्दछ । यसपटक शनिबार उक्त स्थानमा भव्य मेला लाग्दैछ । विभिन्न जिल्लाबाट आउने भक्तजन पैदलयात्रा गरेरै त्यहाँ पुग्न रुचाउँछन् । उक्त स्थानमा हिन्दू र बौद्धधर्म परम्पराअनुसार पूजा र दर्शन गर्ने गरिन्छ । हिन्दू धर्म-संस्कारअनुसार त्यहाँ रहेको शिव मन्दिरमा पूजा गर्ने र ब्राह्मणबाट रक्षाबन्धन र टीका लगाइन्छ ।

यस्तै तामाङ समुदायका मानिस तथा 'झाँक्री'हरू ढ्याङ्ग्रो बजाउँदै विभिन्न तरिकाले पूजा र दर्शन गर्ने गर्दछन् । नेवार समुदायले अन्तपात चढाउने, ब्राम्हण समुदायले जनै लगाउने र हातमा रक्षाबन्धन (डोरो) बाँध्ने प्रचलन पनि छ । सो जात्रामा महिला र पुरुषबीचमा तामाङ दोहोरी गीत गाएर आफ्ना मनका भावना साटासाट गरेर रमाइलो गर्ने प्रचलन पनि रहँदै आएको छ ।

धार्मिक आस्थाका हिसाबले निकै महत्त्वपूर्ण मानिएको उक्त मेलामा काभ्रेपलाञ्चोकलगायत काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोकका भक्तजन आउने गर्छन् । गत वर्षभन्दा यस वर्ष गोसाइँस्थान क्षेत्र थप व्यवस्थित बनाइएको गोसाइँस्थान संरक्षण समितिका अध्यक्ष भेषराज शाहले बताउनुभयो । उहाँका अनुसार 'लकडाउन'यता बर्सेनि भक्तजनको उल्लेख्य वृद्धि भइरहेको छ । जात्रा अवधिभर बनेपाको बुडोलबाट नै सडक दायाँबायाँ व्यापारिक चहलपहल पनि निकै बढ्ने गर्छ ।

रसुवाको गोसाइँकुण्ड पुग्न नसक्नेले बनेपाको गोसाइँस्थानमा गएर दर्शन गर्ने प्रचलन रहँदै आएको स्थानीय बूढापाका बताउँछन् । "गोसाइँकुण्ड पुग्न नसक्नेले यहाँको गोसाइँस्थानमा गएर दर्शन गरी स्नान गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ", स्थानीय भैरव केसीले भन्नुभयो । समुद्र सतहबाट १४ हजार १०० फिटको उचाइमा अवस्थित पवित्र उक्त कुण्ड निकै टाढा, उकालोमा कठिनाइपूर्वक जानुपर्ने भएकाले कतिपय भक्तजन भने अघिल्लो दिनदेखि नै कुण्डस्थलमा बास बस्न पुग्छन् । यस्तै केही भक्तजन बीचबाटोमा बास बसी पर्वका दिन तीर्थस्थल पुग्ने गरेको पाइन्छ ।

गोसाइँकुण्डमा स्नान गरी पूजा आराधना, कुण्डको जलाशयमा फूल-प्रसाद चढाउँदा सम्पूर्ण देवीदेवताको दर्शन मिल्न गई आफ्नो मनोकाङ्क्षा पूरा हुने धार्मिक मान्यताअनुरूप जानेलाई आफ्नो मनले सोचेका पूरा भई घरपरिवारमा सुख, शान्ति बढ्ने र पारिवारिक मिलनमा थप प्रगाढ हुने विश्वास रहिआएको छ । उक्त ठाउँमा पछिल्ला वर्षदेखि पर्यटकको आवागमनमा पनि वृद्धि हुँदै गएको छ । उक्त स्थानमा पर्यटकीय पूर्वाधार तथा पक्की सडक सुविधा र थप भौतिक संरचना निर्माणले भने आन्तरिक एवं बाह्य पर्यटकले गोसाइँस्थान पुग्न रुचाएका हुन् ।

काभ्रेको पुरानो एवं मध्यपहाडी क्षेत्रको मुख्य बजार बनेपाबाट उत्तर-पूर्वतर्फ हरियाली भएर उभिएको गोसाइँस्थान डाँडा धार्मिक र पर्यापर्यटनका दृष्टिकोणले प्रसिद्ध ठाउँ हो । व्यापारिक बनेपा र पर्यटकीय धुलिखेल बजारको बीचमा रहेको उक्त ठाउँमा धार्मिकस्थल गोसाइँस्थान र त्यसमाथिको अग्लो डाँडामा रहेको दृश्यावलोकन स्तम्भले सो डाँडा निकै प्रसिद्ध रहेको जनाउँछ । उक्त स्थानमा हाल नैमिषारण्य संस्कृत गुरुकूल विद्यालय सञ्चालनले थप चहलपहल बढाएको छ ।

बढ्दो सहरीकरणको कोलाहलबाट नजिकै रहेको हरियाली वनजङ्गल बीचको अग्लो मनमोहक स्थान भएका कारण निकै शान्त, रमणीय र मनोरञ्जन लिनका साथै धार्मिक दृष्टिकोणले महादेव मन्दिरको दर्शन गर्न पाइने पवित्र ठाउँ भएकाले पनि आकर्षक केन्द्रका रूपमा रहेको चर्चा कमाउँदै आएको छ ।

उक्त स्थानमा हरेक शुक्रबार र शनिबार दृश्यावलोकन स्तम्भ (टावर)चढ्ने तथा त्यहाँका प्राकृतिक मनमोहकस्थल घुम्नका लागि धेरै मानिस आउँछन् । स्थानीय दीपक कार्कीले भन्नुहुन्छ, "गोसाइँस्थान र दृश्यावलोकन स्तम्भ क्षेत्र जाने सडक, सिँढी र अन्य थप भौतिक संरचना निर्माणले घुम्न जानेको सङ्ख्या वृद्धि हुँदै गएको छ ।रासस

# कोइलाबास भन्सारद्वारा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन

घोराही । दाङको एक मात्र कोइलाबास भन्सारले लक्ष्यभन्दा झण्डै रु १० लाख बढी राजस्व सङ्कलन गरेको छ ।

गत आर्थिक वर्ष २०८१/८२ का लागि रु एक करोड ६३ लाख छ हजार राजस्व सङ्कलनको लक्ष्य पाएको कोइलाबास भन्सारले रु एक करोड ७२ लाख राजस्व सङ्कलन गरेको भन्सार प्रमुख लोकबहादुर विष्टले जानकारी दिनुभयो । सङ्कलित राजस्वमध्ये मुद्दाबाट रु १५ लाख एक हजार असुल भएको र बाँकी अस्थायी पैठारीबाट सङ्कलन भएको उहाँले बताउनुभयो ।

भारतबाट कोइलाबास क्षेत्रसँगै रामजानकी मन्दिर, प्युठानको स्वर्गद्वारी मन्दिर, दाङको चौघेरा मन्दिरलगायतका ठाउँमा पूजापाठ तथा घुमफिरका लागि आउने नागरिकले प्रयोग गर्ने सवार ।साधनबाट बढी मात्रामा राजस्व सङ्कलन हुने गरेको प्रमुख विष्टले बताउनुभयो ।

व्यावसायिक रूपमा यो नाका धेरै चलनचल्तीमा छैन । यहाँ सवारीसाधनबाट नै बढी कर उठ्ने गर्छ । कुनै समय व्यापार व्यवसाय धेरै हुने नाकाको पहिचान बनाएको कोइलाबास पछिल्लो समय भारतीय पर्यटक नेपाल भित्रिने नाकाको रूपमा चिनिएको छ । कार्यालयले गत वर्ष साउनमा १२ लाख राजस्व उठाउने लक्ष्य लिएकामा रु नौ लाख २३ हजार मात्र उठेको थियो ।

भदौमा रु १३ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ६ लाख १९, असोजमा रु १३ लाख २६ हजारमध्ये रु सात लाख आठ हजार, कात्तिकमा रु १२ लाख ८९ हजार लक्ष्य लिएकाका रु नौ लाख १३ हजार तथा मङ्सिरमा रु १३ लाख ६८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु आठ लाख ९१ हजार सङ्कलन भएको प्रमुख विष्टले जानकारी दिनुभयो ।

यसैगरी पुसमा रु १३ लाख २५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ३० लाख ४६ हजार, माघमा रु १२ लाख ५४ हजार लक्ष्य लिएकामा रु १२ लाख ४९ हजार, फागुनमा रु १४ लाख ४४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु ११ लाख, चैतमा रु १४ लाख ४३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु १० लाख ३२ हजार, यसै वर्ष वैशाखमा रु १३ लाख ८८ हजारमध्ये रु नौ लाख ८७ हजार, जेठमा रु १५ लाख ३३ हजारमा रु २३ लाख ४३ हजार तथा असारमा १४ लाख १७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु १९ लाख ६४ हजार सङ्कलन भएको थियो ।रासस

# किबीका बोटले फल नदिएपछि किसान चिन्तित



दिपायल । यहाँका किसानले किबीखेतीमार्फत आम्दानी गर्ने उद्देश्यले गलाइएका किबीका बोटले फल नदिएपछि चिन्तित भएका छन् । करिब चार वर्ष लगानी गरी उत्पादन दिने समयमा फ नलागेपछि किसान चिन्तित भएका हुन् ।

बडिकेदार गाउँपालिका-४ रनुकाँडाका लक्ष्मण ताडीले चार वर्षअघि करिब पाँच रोपनी क्षेत्रफलमा किबीखेती सुरु गर्नुभएको थियो । अहिले फल नदिँदा मेहनत र लगानी दुवै गुम्ने अवस्थामा पुगेको उहाँले गुनासो गर्नुभयो ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोगमा उदयसिंह कृषि तथा बहुउद्देश्य फार्म स्थापना गरेर किबीखेतीसति अन्य तरकारीखेती गरिरहेको चार वर्ष भएको जनाउँदै उहाँले किबीमा तीन/चार वर्ष लगातार लगानी गरिए पनि उत्पादन हुने समयमा समस्या देखिएको बताउनुभयो ।

"किबी अरु फलभन्दा फरक हुन्छ । यसमा भाले र पोथी हुने भएकाले कम्तीमा पाँच वटा बोट लगाउँदा एउटा बोट भाले लगाउनुपर्ने हुन्छ । भालेबोट नभएका कारण यस्तो समस्या देखिएको हो । यसलाई 'टपवर्किङ'का माध्यमबाट समस्या समाधान गर्न सकिन्छ", केन्द्रका प्रमुख गङ्गादत्त अवस्थीले भन्नुभयो ।

उहाँका अनुसार जिल्लामा एक हजारभन्दा बढी किबीका बोट लगाइएका छन् । रासस


## भूमिसुधार तथा सालपोत कार्यालय, धनुषा

## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा साविक गा.वि.स. एकराही वडा नं. ६ हाल बिदेह न.पा. वडा नं. ५ मा वस्ने सुनर गोइतको नाती राम लखन गोइतको छोरा राम असिस गोइतले मेरो नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा जनकपुर न.पा.वडा नं.२ सिट नं.१३५६-२३ कि.नं.४८ क्षेत्रफल ०-१-१६-३ जग्गामा मिति २०८१/०९/०७ मा हालैदेखिको बकसपत्र भिडेकोले कट्टा गरि पाउँ भन्ने समेत व्यहोरा खुलाई निवेदक राम असिस गोइतले यस कार्यालयमा पेश गरेको दर्ता नं. ३०३३० मिति २०८२/०३/३० को निवेदन माग दावि ।

यसमा निवेदकहरूको माग दावी अनुसारको जग्गामा मिति २०८१/०९/०७ मा हालैदेखिको बकसपत्र लिखतको लागि मोठ भिडेको कट्टा गरि दिएमा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको हक लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनुहोला । सुचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | बडा नं./सिट नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | जनकपुर न.पा. | २/१३५६-२३ | ४८ | ०-१-१६-३ |



## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा साविक गा.वि.स. बहेडाबेला वडा नं. ६ हाल मुखियापट्टी मुसहरिनया गा.पा. वडा नं. ६ मा वस्ने मनराज यादवको नाती धुरुप यादवको छोरा रामपृत यादवले मेरो नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. फुलगामा वडा नं.७क कि.नं. ७२७ क्षेत्रफल ०-४-१५-० र ऐ.ऐ.वडा नं.७ख कि.नं.४४३ क्षेत्रफल ०-९-३-८ जग्गाको स्रेस्ता फेला नपरेकोले स्रेस्ता कायम गरी बुबाको नाम धुर्व, बाजेको महल खाली रहेको र ना.प्र.नं. समेत खाली रहेकोले संशोधन गरी बुबाको नाम धुरूप यादव बाजेको नाम मनराज यादव र ना.प्र.नं.०५१०१०३१ जारी मिति २०४२/०३/०२ (धनुषा) कायम गरी पाउँ भन्ने समेत व्यहोरा खुलाई निवेदक रामपृत यादवले यस कार्यालयमा पेश गरेको दर्ता नं.२८८४१ मिति २०८२/०३/१२ को निवेदन माग दावि ।

यसमा निवेदकहरूको माग दावी अनुसारको जग्गाको स्रेस्ता कायम गरी बुबाको नाम संशोधन र बाजेको नाम र ना.प्र.नं. कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक वाहेक अन्य कोही व्यक्तिको हक लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनुहोला । सुचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | साविकको कि.नं. र क्षे.फ. | हालको कि.नं. र क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | फुलगामा | ७क | ७२७ | ०-४-१५ |
| | | ७ख | ४४३ | ०-९-३-८ |



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बिरेन्द्रबजार, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मितिः २०८२/०४/२१ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०४/३२ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको ले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **शाखा कार्यालय बिरेन्द्रबजार, धनुषामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२/०५/०५ गते बिहीबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **शाखा कार्यालय बिरेन्द्रबजार, धनुषामा** दिनको ठीक ३ :०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१ ऋणी** : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा अपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती, प्रदेश सिन्धुलीमा प्रादेशिक व्यापार तथा व्यावसाय सम्बन्धी ऐन, २०७६ बमोजिम मिति २०६७/०५/०६ मा प्रा.फ.र.नं. ४२६/०६७/०६८ मा दर्ता भई नेपाल सरकार, अर्थमन्त्रालय, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६७/०५/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००१६७०९७ को प्रमाणपत्र प्राप्त **राजेश स्टोर्स । फर्मको ठेगाना :** सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ । | **प्रोप्राइटर तथा जमानतकर्ता :**<br>जवाहर प्रसाद जैसवाल (ना.प्र.नं. ८०२६१५२७ जारी मिति २०४३/०५/१६ जारी गर्ने कार्यालय, जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सवैला गा.वि.स. वडा नं. ४) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : धनुषी राम कलवार ।<br>बाजे : देवकी राम कलवार । |
| **जमानतकर्ताः जमानतकर्ताः सरिता देवी जैसवाल**<br>(ना.प्र.नं. ८०२६३६५२ जारी मिति २०४५/०१/१२ जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सवैला गा.वि.स. वडा नं. ५) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : शिव शंकर जयसवाल ।<br>पति : जवाहर प्रसाद जैसवाल । ससुरा : धनुषी राम कलवार । | **जमानतकर्ताः महेश जयसवाल**<br>(ना.प्र.नं. १७१०४६/१४९ जारी मिति २०६७/०८/२० जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक लवटोली गा.वि.स .वडा नं. १) ।<br>बाबु : जवाहर प्रसाद जैसवाल ।<br>बाजे : धनुषी राम कलवार । |
| **२ ऋणीः** जवाहर प्रसाद जैसवाल<br>(ना.प्र.नं. ८०२६१५२७ जारी मिति २०४३/०५/१६ जारी गर्ने कार्यालय, जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सवैला गा.वि.स. वडा नं. ४) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : धनुषी राम कलवार ।<br>बाजे : देवकी राम कलवार । | **जमानतकर्ताः सरिता देवी जैसवाल**<br>(ना.प्र.नं. ८०२६३६५२ जारी मिति २०४५/१/१२ जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सवैला गा.वि.स. वडा नं. ५) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : शिव शंकर जयसवाल ।<br>पति : जवाहर प्रसाद जैसवाल । ससुरा : धनुषी राम कलवार । |
| जमानतकर्ताः महेश जयसवाल<br>(ना.प्र.नं. १७१०४६/१४९ जारी मिति २०६७/०८/२० जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक लवटोली गा.वि.स .वडा नं. १) ।<br>बाबु : जवाहर प्रसाद जैसवाल । बाजे : धनुषी राम कलवार । | **धितो सुरक्षणको विवरण :**<br>१. जमानतकर्ता जवाहर प्रसाद जैसवालको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला लवटोली गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ख स्थित कित्ता नं ३३७ र २७७ क्षेत्रफल ०-०-६-१०.५ र ०-०-६-११ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१<br>२. ऋणी राजेश स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण............................१ |

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय तथा अन्य शाखा कार्यालयहरु**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतसम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरेन्द्रबजार, धनुषामा** सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# अनुदान माग्दै उखु किसानले गरे प्रदर्शन



टुडे समाचारदाता

मलंगवा । सरकारले यस वर्षदेखि उखुको अनुदान रकम कटौती गरेपछि किसानले मंगलबारबाट आन्दोलन थालेका छन् ।

किसानले मंगलबार आ-आफ्नो जिल्लाको चिनी मिल अगाडि टायर बालेर प्रदर्शन गर्दै उखुको अनुदानका लागि आन्दोलन प्रारम्भ गरेका हुन् । देशभरमै सबैभन्दा बढी उखु खेती हुने सर्लाहीमा तीनवटै चिनी मिल अगाडि किसानले प्रदर्शन गरेका छन्।

इन्दुशंकर चिनी उद्योग हरिवन, अन्नपूर्ण चिनी उद्योग धनकौल र महालक्ष्मी चिनी उद्योग बगदह अगाडि उखु किसानले प्रदर्शन गरेका छन् । आन्दोलित उखु किसानले २०६६ सालमा कडा आन्दोलन गरेपछि प्रदान गर्न थालिएको उखुको अनुदान रकमलाई निरन्तरता दिन, गत वर्ष बिक्री गरिएको उखुको सरकारले निर्णय गरे बमोजिम प्रतिक्विन्टल ७० रुपैयाँका दरले हुन आउने एक अर्ब ६० करोड रुपैयाँ तुरुन्त भुक्तानी गर्न र उखुको मुल्य निर्धारण गर्दा उखु किसानका प्रतिनिधि, सरकारका प्रतिनिधि र चिनी उद्योगबिच वार्ता गराउन माग राखेका छन् ।

सरकारले गत वर्षको अनुदान बापत प्रदान गर्नुपर्ने प्रतिक्विन्टल ७० रुपैयाँको साटो ३५ रुपैयाँ मात्रै दिने चर्चा भइरहेको भन्दै त्यो मान्य नहुने उखु किसानले जनाएको छ ।

साउन महिनाभित्र माग सम्बोधन नभए भदौ ८ गतेदेखि देशभरका उखु किसान काठमाडौँको माइतीघरमा गएर धर्नामा बस्ने केन्द्रीय उखु सङ्घर्ष समितिका सह-संयोजक राजकुमार उप्रेतीले जानकारी दिए ।

उखुको अनुदानलाई निरन्तरता दिन माग गर्दै प्रधानमन्त्री, कृषि मन्त्रीलगायतलाई भेटेर भद्र ढंगले ज्ञापन पत्र बुझाउने काम गरिएको भन्दै साउन महिनाभित्र आफूहरुको माग सम्बोधन हुने आन्दोलित उखु किसानले आस व्यक्त गरेका छन् ।

उखु किसान संघर्ष समितिका सह-संयोजक उप्रेतीले उखुको अनुदान रकमलाई कटौती गरे किसानले उखु खेती छाड्दै जाने र चिनी मिल बन्द हुने अवस्था आएर देशभरमा चिनीको अभाव हुने बताए ।

# नगराईनमा मेयर–उपमेयरको विवादले नगरसभा अन्योलमा

**उपमेयर राधादेवीले स्थानीय सरकार ऐन सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय सरकार २०७४ लागू नभएसम्म नगरसभा हुन नदिने भन्दै विरोध जनाएपछि अहिलेसम्म नीति तथा कार्यक्रम एवं बजेटसभासमते हुन सकेको छैन । उनले आफ्नो माग सम्बोधन हुने अवस्थामा मात्रै नगरसभालगायतका काम अगाडि बढ्ने अडान लिएकी छन् ।**

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको नगराईन नगरपालिकामा मेयर र उपमेयरबीचको विवाद साम्य भएको वर्षदिन नवित्दै फेरि विवाद चुलिएको छ । केही महिनादेखि मेयर र उपमेयर बीचको विवाद जारी रहँदा निर्धारितक समयमा नगराईन नगरपालिकाको नगर सभा समेत हुन सकेको छैन ।

मंगलबार नगराईनमा पत्रकार सम्मेलन आयोजना गर्दै नगराईन नगरपालिकाकी उपमेयर राधादेवी यादवले कांग्रेसबाट निर्वाचित मेयर विनयकुमार यादवले बहुमत कार्यपालिका सदस्यहरुलाई बेवास्ता गरी मनोमानी गरेको आरोप लगाउँदै आफूहरुले बैठक बहिष्कार गरेको बताइन् ।

उनले मेयरले तानाशाही ढंगले पालिका चलाउन खोजेपछि आफूहरुले सोको विरोध गरेको स्पष्ट पारिन् । उनले मेयरले आफ्नो अधिकारमा समेत हस्तक्षेप गरेको आरोप लगाइन् ।

उनले विगतमा भएको स्थानीय तह सञ्चालन सम्बन्धी ऐन २०७४ कार्यान्वयन गर्न र अहिलेसम्म मनोमानी ढंगले मेयरले आफ्नो अनुकूल बनाएको कार्यविधि संशोधन हुने भनिएको गरिएको सहमति कार्यान्वयन नभएसम्म आफूहरुले पालिकाको सम्पूर्ण कामकाज ठप्प पार्ने बताइन् ।

उपमेयर राधादेवी यादवले सामूहिक रुपमा मेयरले आफूहरुसंग गरेको सहमति लागु नगरी स्थानीय तहको सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ कार्यान्वयन नगरी पुरानै कार्यविधि संशोधन गर्न खोजेपछि आफूहरुले विरोध गरेको बताइन् ।



उपमेयर राधादेवीले स्थानीय सरकार ऐन सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय सरकार २०७४ लागू नभएसम्म नगरसभा हुन नदिने भन्दै विरोध जनाएपछि अहिलेसम्म नीति तथा कार्यक्रम एवं बजेटसभासमते हुन सकेको छैन । उनले आफ्नो माग सम्बोधन हुने अवस्थामा मात्रै नगरसभालगायतका काम अगाडि बढ्ने अडान लिएकी छन् । आन्दोलनका कारण अहिले नगरपालिकाको कामकाज ठप्प छ ।

सो पत्रकार सम्मेलनमा नगराईन नगरपालिकाका उपमेयर राधादेवी यादव, वडा नम्बर ५ का वडाध्यक्ष रामनारायण मुखिया, वडा नम्बर ६ का वडाध्यक्ष ललित साह, वडा नम्बर ८ का वडाध्यक्ष संजय राउत, वडा नम्बर ९ का वडाध्यक्ष प्रमोदकुमार राउत र एमालेबाट निर्वाचित ८ जना कार्यपालिका सदस्यलगायतकाहरुको उपस्थिति रहेको थियो ।

तर मेयर विनय कुमार यादवले नगरसभा गर्नको लागि आफूहरु केही बजेट संचालनसम्बन्धी कार्यविधि संशोधन बाहेक अन्य विभिन्न विषयमा सहमति गर्न सकिने बताए ।

उनले विगतमा समेत उपमेयर राधादेवी यादवले करिब नौ महिनासम्म नै नगराईन नगरपालिकालाई बन्धकी बनाएको बताउँदै यसपाली पनि बन्धकी बनाएर नगरको सम्पूर्ण आर्थिक कारोबार ठप्प पार्न खोजेको आरोप लगाए । मेयर यादवले उपमेयरले पालिकाको कामकाज ठप्प पारेर जनतालाई भ्रममा पार्न खोजेको आरोपसमेत लगाए ।

आज हुने भनिएको कार्यपालिका बैठक नेकपा एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरु सहभागी नभएपछि बैठक स्थगित गरिएको छ ।

नगराईन नगरपालिकामा मेयर र उपमेयरको विवादका कारण नीति तथा कार्यक्रम एवं बजेटसमेत समयमा आउन सकेको छैन ।

विगतमा पनि मेयर र उपमेयरबीचको विवादको कारण करिब ९ महिनासम्म नगराईन नगरपालिका ठप्प रहेको थियो । स्थानीय राजनीतिक दल, स्थानीय युवा अभियन्ताहरुको पहलमा लामो प्रयासपछि नगराईन नगरपालिकामा लगाइएको ताल्चा खुलेको थियो ।

त्यस्तै यता नगराईन नगरपालिका वडा नम्बर ८ का संजय राउतले नगराईन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्ण नेपाली कांग्रेसको सदस्य रहेको आरोप लगाएका छन् ।

वडाध्यक्ष राउतले स्वास्थ्य फाँटका कर्मचारीलाई जवर्जस्ती रुपमा कांग्रेसका नेताहरुले भनसुन गरी नगरपालिकाको कार्यालयकै प्रमुख प्रशासकीय अधिकृत कर्णलाई बनाएको भन्दै आपत्ति जनाए ।

उनले कांग्रेसी भएकै कारण कांग्रेसबाट निर्वाचित मेयर विनयकुमार यादवले आफ्नो अनुकूलको कर्मचारी ल्याएर नियम विपरीत प्रमुख प्रशासकीय अधिकृत बनाएको बताए ।

तर नगराईन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले आफू कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको प्रतिक्रिया दिए । उनले नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, जसपालगायत कुनै पनि पार्टीको साधारण सदस्यता नलिएको र साधारण सदस्यसमेत नरहेको दाबी गरे ।

कांग्रेस निकट नेपाल स्वास्थ्यकर्मी संघ धनुषाको जिल्ला अध्यक्ष रहेको बताए । सोही हैसियतमा आफू शनिबार भएको कांग्रेसको क्षेत्रीय बैठकमा स्वास्थ्यकर्मीको अवस्था र गतिविधिबारे सोधखोज गरी आमन्त्रित गरेपछि आफू सहभागी भएको प्रमुख प्रशासकीय अधिकृत कर्णले स्पष्ट पारे ।

# फतुवा विजयपुरको नगर सभा अनिश्चित

सञ्जय मिश्रा

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकामा राजनीतिक नेतृत्वको कमजोरी र व्यक्तिगत स्वार्थका कारण नगर सभा अनिश्चित भएको छ ।

कार्यवाहक मेयरको श्रीमानको विवादका कारण नगरसभा अन्योल बनेको हो।स्थानीय सरकार सञ्चालन ऐनअनुसार प्रत्येक वर्ष असार १० गतेभित्र नगर सभा सम्पन्न गर्नुपर्ने प्रावधान रहे पनि चालू आर्थिक वर्ष २०८२/८३ को नगर सभा अझै हुन सकेको छैन । समयमा नगरसभा नहुनुले नगरको समग्र प्रशासनिक र विकासात्मक कार्य प्रभावित पारेको छ ।

पटक-पटक मिति तय गर्दा पनि नगर सभा हुन नसक्नुको प्रमुख कारण राजनीतिक विवाद र बजेटको बाँडफाँटमा असहमति देखिएको हो। वडास्तरीय योजना तथा प्राथमिकता अनुसार विषयगत समितिमा योजना पुग्न नसक्दा बजेट निर्माण प्रक्रिया थला परेको छ। वार्षिक योजना भन्दा बाहिरका केही योजनाहरूलाई व्यक्तिको हितअनुसार पुनः बजेटमा समावेश गर्ने प्रयास भएपछि विवाद गहिरिँदै गएको छ ।



प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवका अनुसार वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू नगर सभा गर्न तयार भए तापनि कार्यवाहक मेयर अम्बेया खातुनका श्रीमान् मोहम्मद सेराजको हस्तक्षेपका कारण प्रक्रिया अघि बढ्न सकेको छैन । कार्यवाहक मेयर खातुनले बजेटको विषयमा एकलौटी निर्णय लिन खोजेको आरोप समेत लागेको छ ।

वडा २ का अध्यक्ष अनिरुद्ध यादव (सञ्जय)ले कार्यवाहक मेयर खातुनले स्वच्छ प्रक्रियागत तरिकाबाट अघि बढ्न नचाहेको र कार्यपालिका बैठकमा योजना तथा बजेटको प्रतिवेदनसमेत पेश नभएको बताउँछन्। वडाबाट तर्जुमा भएर आउनुपर्ने योजनाहरू नै विषयगत समितिसम्म नआउँदा नगर सभा अनिश्चित भएको हो ।

नगर सभा नभएकै कारण हाल नगरपालिकाले न नयाँ योजना कार्यान्वयन गर्न सकेको छ, न त चालु कार्यक्रमलाई निरन्तरता दिन सकेको छ। दैनिक प्रशासनिक कार्यका लागि आवश्यक स्टेसनरीदेखि लिएर जनताको अत्यावश्यक सेवा, दैवीप्रकोप राहत र स्वास्थ्योपचारका लागि आवश्यक औषधि समेत खरिद गर्न सक्ने अवस्था छैन। यद्यपि, नागरिकताको सिफारिस, जन्मदर्ता, नाता प्रमाणिकरण जस्ता नियमित सेवा भने कतै-कतैबाट दिइएको जनाइएको छ ।

नेपाली कांग्रेसबाट निर्वाचित नगर प्रमुख गोपाल राय यादव भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट दोषी ठहरिएपछि पदमुक्त भएका थिए। त्यसपछि उपमेयर अम्बेया खातुन कार्यवाहक प्रमुख बनेकी हुन्। तर, खातुन कार्यवाहक बनेदेखि नै उनको श्रीमानको हस्तक्षेपको कारण नगरपालिकाको कामकाजमा थप अन्योलता देखिएको स्थानीय जनप्रतिनिधिहरू बताउँछन् ।

समयमै बजेट नआउँदा शिक्षक, कर्मचारीहरूले समयमै तलब नपाउने अवस्था छ । नगरपालिकामा विकास योजनाको तर्जुमा वडास्तरमै रोकिएको छ। असार १० गतेभित्र बजेट ल्याउन नसक्नु स्वयं स्थानीय सरकार सञ्चालन ऐनको उल्लंघन मात्र होइन, जनताको सेवामा गम्भीर बाधा सिर्जना हो ।

फतुवा विजयपुर नगरपालिकामा देखिएको राजनीतिक टकराव र प्रशासनिक अस्थिरता जनताको आधारभूत सेवामा बाधक बनिरहेको छ । नगर सभा सम्पन्न नगरी बजेट पारित हुन नसक्दा शिक्षा, स्वास्थ्य र विकासका प्राथमिक कार्यहरू ठप्प छन् । यो अवस्था तत्काल समाधान नभए, सिङ्गो नगरको शासकीय ढाँचा धरासायी हुने खतरा देखिन्छ ।

कार्यवाहक मेयरकै श्रीमान सेराजको कमिसन मोहको कारण गत आर्थिक बर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तीनवटा बिद्यालय भवन निर्माणका लागि आएको एक करोड ६५ लाख रुपैयाँ फ्रिज भएको थियो ।

तत्कालीन मेयर यादवको पद गाएपछि कार्यवाहक मेयर खातुन लाई चिठ्ठा परेको जस्तो उनको श्रीमान सेराजको बुझाई रहेको छ । जनतासंग जोडिएको काम तथा विकास निर्माणमा ध्यान दिनुको सट्टा सेराज दैनिकजसो आर्थिक अनियतितामा लागिपरेको नगरवासीले गुनासो गर्दै आएका छन्।२०७९ को स्थानीय निर्वाचनमा फतुवा विजयपुरमा नेपाली कांग्रेसको टिकटबाट मेयर, उपमेयर सहित ७ जना वडा अध्यक्ष निर्वाचित भएका थिए। तत्कालीन मेयर गोपाल यादवको नेतृत्वमा प्रायः नगरपालिकाको काम काज तुलनात्मक रूपमा निकै राम्रो चलेको नगरवासीको अनुभुति रहेको छ । तर मेयर निलम्बित भएसँगै कार्यवाहक मेयर अम्बेया खातुनको श्रीमान महमद सेराजको हस्तक्षेप सुरु भएको थियो ।

# बचत बैंकबाट अनियमित भएको रकम बचतकर्ताले पाउने

टुडे समाचारदाता

जनकपुरधाम । विगतमा अनियमितता भएको हुलाक बचत बैंकको रकम ७४६ जना बचतकर्ताले फिर्ता पाउने भएका छन् ।




हुलाक कार्यालय मातहतमा संचालित हुलाक बचत बैंकको रकमसहित एक कर्मचारीले अनियमितता गरी फरार भएपछि सयौं बचतकर्ता मर्कामा परेका थिए ।

जनकपुरधाममा मंगलबार हुलाक निर्देशनालय धनुषाका प्रमुख जगदीश अर्यालले पत्रकार सम्मेलन गरी बचतकर्ताले अनियमित भएको सो रकम फिर्ता हुने बताए ।

हुलाक सेवा विभागको टोलीले पेश गरेको प्रतिवेदनलाई मुख्य आधार बनाइ निर्देशनालयद्वारा ७४६ जना बचतकर्ताको नियमानुसार दायित्व रकम यकिन गरि मिति २०८१/१०/०४ मा माग दाबी तथा छुट नाम समावेशको लागि ३५ दिने सूचना प्रकाशित गरेको उनले स्पष्ट पारे । हुलाक बचत बैंकको नाममा रहेका तीन वटा बैंकहरुमा रहेको मौज्दात रकम हिमालयन बैंकमा एकीकृत गरेको उनले बताए ।

बैंकसंग भएको सम्झौता बमोजिम कुल दायित्व रकम १ करोड ४८ लाख ८४ अजार ४५१ रुपैयाँ ७६ पैसाबाट ऋण लगानीबाट उठ्न बाँकी रकम १८ लाख ८१ हजार २५० रुपैयाँ घटाई १ करोड ३० लाख ३ हजार २०१ रुपैयाँ ७६ पैसा मंगलबार राष्ट्रिय वाणिज्य बैंकमा पठाइएको उनले बताए ।

हुलाक बचत बैंकको रकम लिइ फरार रहेको सुनिल दास पक्राउ परेको उनले बताए । यसै कार्यालयका कर्मचारी दासले बचतकर्ताको रकम अनियमितता गरी फरार थिए । उनलाई लामो समयपछि प्रहरीले पक्राउ गरेको छ ।

बचतकर्ताले जम्मा गरेका रकम फिर्ता हुने र सोको प्रक्रिया आफूहरुले अघि बढाइसकेको कार्यालय प्रमुख अर्यालले बताए ।

बचत बैंक राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण भएको सकेकोले बचतकर्ताको रकम अब कुनै पनि हालतमा नडुब्ने समेत उनले बताए ।

विभागबाट टोली आइ बचत बैंकको रकम हिनामिना सम्बन्धी प्रतिवेदन तयार गरी हुलाक सेवा विभागमा पेश गरेको उनले बताए ।

# जसपा सप्तरीको अध्यक्षमा केदार यादव निर्वाचित

टुडे समाचारदाता

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीको अध्यक्ष पदमा केदार प्रसाद यादव निर्वाचित भएका छन् ।



प्रतिद्वन्द्वी उमेश प्रसाद यादवलाई ३० मतको अन्तरले उछिन्दै केदारले २ सय ३५ मत प्राप्त गरी निर्वाचित भएका छन् । अध्यक्ष पदका प्रत्यासी उमेशले २ सय ५ मत प्राप्त गरेका छन् ।

त्यस्तै उपाध्यक्षमा लक्ष्मण यादव २ सय ३५ र हरेराम यादवले २ सय २६ मत प्राप्त गरेर विजयी भएका छन् । उपाध्यक्ष पदमा राजेश्वर राय १ सय ८५ तथा उषा साहले १ सय ७४ मत प्राप्त गरेका छन् ।

सचिवमा निरज झा मुक्ति २ सय ३१ मत प्राप्त गरि विजयी भएका छन् भने निकटतम प्रतिद्वन्द्वी शम्भु यादले २ सय ३० मत पाएका छन् ।

त्यस्तै उपसचिवमा रामेश्वर यादव २ सय ३५ र रिता चौधरी २ सय ३४ मत प्राप्त गरी विजयी भएका छन् । उपसचिव पदका प्रत्यासी राहुल मण्डल २ सय २३ र दाउद हुसेन १ सय ७३ मत प्राप्त गरेका छन् । कोषाध्यक्ष पदमा अमरेन्द्र यादव २ सय ३५ मत प्राप्त गरी विजयी भए भने निकटतम प्रतिद्वन्दी अभिनय यादवले निकु २सय १० मत प्राप्त गरेका छन् ।

कुल ५ सय १८ मतदाता रहेकोमा ५ सय ४ जनाले मतदान गरेका थिए ।

# कन्टेनर र लुज कार्गो रेल्वेको आवागमनमा वृद्धि

टुडे समाचारदाता

वीरगंज । आयात-निर्यात व्यापार घटेको तथा आर्थिक गतिविधिले अझै लय समात्न नसकेको अवस्थाबीच सिर्सिया सुक्खा बन्दरगाह नाकाबाट गत आर्थिक वर्षमा मालबाहक रेलको आवागमनमा वृद्धि भएको छ ।




इन्टर मोडल यातायात विकास समिति वीरगन्ज कार्यालयको तथ्यांकले अघिल्लो आवको तुलनामा गत आवमा कन्टेनर बाहक रेल र लुज कार्गो वस्तु बोक्ने रेलको आवागमन बढेको देखिएको छ । बोरा बन्द कार्गो र फलामजन्य वस्तु बोक्ने बिआरएन रेल्वे र्‍याकको आवागमनमा भने सामान्य गिरावट आएको छ ।

गत आर्थिक वर्षमा यस बन्दरगाहमा भारतका विभिन्न बन्दरगाहबाट कन्टेनर बोकेर कन्टेनर बोकेर ८ सय ५ पटक रेल्वे र्‍याक आएको थियो । जसमा ६९ हजार ६ सय ८६ मालबाहक कन्टेनर थिए । अघिल्लो आर्थिक वर्षमा ६ सय ७२ पटक कन्टेनर बाहक रेल बन्दरगाहमा आइपुगेको थियो । जसले ५९ हजार १ सय ७८ वटा कन्टेनर बोकेका थिए । गत आवमा २ सय १४ पटक बोरा बन्द कार्गो सामान बोकेका रेल्वे र्‍याक यो बन्दरगाहमा आएको थियो । जसले ४ लाख ८३ हजार ६ सय ६५ टन बोरा बन्द कार्गो ल्याएका थिए । अघिल्लो आवमा २ सय ४३ बिसिएन र्‍याकले ५ लाख ४० हजार ३ सय ३० टन बोरा बन्द कार्गो वस्तु बोकेर ल्याएका थिए ।

गत आर्थिक वर्षमा ७६ बीआरएन अर्थात फलाम बोक्ने र्‍याकले एक लाख ८३ हजार ३ सय ८३ टन फलाम बोकेर ल्याएका थिए ।

अघिल्लो आवमा ७७ बीआरएन र्‍याकले १ लाख ८३ हजार १ सय २९ टन फलाम बोकेर ल्याएका थिए । गत आवमा १ सय ५२ लुज कार्गो रेल्वे र्‍याकले ५ लाख ६८ हजार ५ सय १३ टन लुज कार्गो वस्तु बोकेर ल्याएका थिए । अघिल्लो आवमा १ सय ११ लुज कार्गो रेल्वे र्‍याकले ४ लाख ५ हजार ४ सय ७२ टन लुज कार्गो वस्तु बोकेर ल्याएका थिए । लुज कार्गो वस्तुमा कोइला प्रमुख रहेको छ ।

इन्टर मोडल यातायात विकास समिति वीरगन्ज कार्यालय प्रमुख कमल ज्ञवाली आर्थिक मन्दीकाबीच पनि तेस्रो मुलुक मालवस्तु आयात निर्यात हुने कन्टेनरको आवागमन बढ्नु सुखद संकेत भएको बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८